Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष-१४ , अंक- २९, २०७८ साल फागुन ३ गते मंगलबार (Feb 15, 2022) www.janaakash.com.np मूल्य रु १०/-

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित
www.janaakash.com.np
अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)
मोबाइल: ९८६१५८८४५६
Email: jana.news2065@gmail.com

# परिवर्तन जनताले चाहानुपर्छ

मोहन कार्की ।

नेपाल देशमा परिवर्तन राजनीतिक पार्टीको मुद्दा बनेको ७ दशक बितिसकेको छ । तर देश र जनताको पक्षमा परिवर्तन कहिल्यै हुन सकेको छैन । राजनीतिक पार्टीका केही स्वार्थ पुर्ति गर्ने नेता र विदेशीलाई नेपालको परिवर्तनले फाईदा पुऱ्याउनु शिवाय कुनै उल्लेखिय परिवर्तन हुन सकेन । जनताले महशुस हुने गरी कुनै काम आजसम्म नेपालमा भएको छैन । बरु उल्टै देशले गुमाएको रेकर्डहरु भेटिन्छ ।

त्यसकारण परिवर्तन नेपाली जनताले चाहानु पऱ्यो राजनीतिक पार्टी, नेताका लहडमा बनेका पार्टीका घोषणा पत्रका पानामा मात्र होइन परिवर्तन जनताको मष्तिकमा आउनु पऱ्यो । तव मात्र देशको विकासमा परिवर्तनले फड्को मारेको देख्न सकिन्छ ।

नभए वाद, तन्त्र, व्यवस्था जे-जे फेरे पनि देश र जनताको पक्षमा कहिल्यै काम नहुने उदारण नेपालको ७४ बर्षामा भएका बिभिन्न नाम र खालका परिवर्तन जनताले महसुस गर्ने खालका देशको पक्षमा काम नभएको देखाउछ ।

**यसको विकल्प कसरी खोज्ने त ?**

नेपाली जनताले गाउँ गाउँमा कुनैबेला नेपाली काँग्रेस , एमाले, राप्रपा, मालेपछि थपिएको नेकपा माओवादी



केन्द्र, मधेश केन्द्रीत संघिय समाजवादी पार्टी, नेपालमा स्थापना भएका पार्टीहरु हुन् । यिनीहरुको घोषणा पत्रले देश र जनता भनेर लेखेको भएपनि व्यवहारमा जनताको पक्षमा काम गरेको देखिदैन ।

२००७ सालको परिवर्तन पछि तत्कालै २०१० सालमा कोशी सम्झौता गरेर नेपालको प्राकृतिका स्रोतको आफ्नो अधिकार भारतलाई बुझाएको देखिन्छ । २०१६ सालमा गण्डक सम्झौता र २०५२ सालमा माहाकाली सम्झौता गरेर नेपालका जलस्रोतको अधिकार गुमाउन राजनीतिक पार्टीहरुको भूमिका सवैको धेरथोर भएको देखिन्छ ।

यदि ती राजनीतिक पार्टीहरुको भुमिका यसरी देशको महत्वपूर्ण क्षेत्रको अधिकार गुमाउन प्रयोग नभएको भए ६ दशक अर्थात ६४ बर्षसम्म किन कुनै राजनीतिक पार्टीले ति बिषयमा तरिकाबद्ध आन्दोलन उठाउन सकेनन् । देखावटी आन्दोलन काठमाडौंमा बार्गेनिङको रुपमा विरोध गरी टोपल्ने र कोठामा बसेर बिज्ञप्ति निकाल्ने वाहेक कुनै विरोध गर्ने राजनीतिक पार्टीहरुले अरु काम गरेको देखिदैन । सत्तामा गइरहने पार्टी एमाले, काँग्रेस त भारतमा नै स्थापना भएका पार्टी भएको हुदा उनिहरुवाट आश गर्ने ठाउँ नै थिएन ।

तर पनि उनीहरुले नेपालका जनताहरुलाई प्रत्येक चुनावमा केही न केही वाहाना बनाउदै जनतालाई झुक्याउदै घोषणा पत्रमा उल्लेख छ भनेर ढाट्दै आएका छन् । त्यो जनताले उनिहरुलाई विश्वास गरेर लिएको मत होइन ढाटेर लिएको र कतिपय ठाउँहरुमा बुथ क्याप्चर, साइलेन्स बुथ क्याप्चर गरेर पनि निर्वाचन जितेको रेकर्ड निर्वाचन ताका भएका धाधलीहरुमा देखिएको थियो ।

ठ्याक्कै अहिले पनि निर्वाचनको नाममा राजनीतिक बाँकी ६ पृष्ठमा

# एमसीसीविरुद्ध माइतीघरमा २२ दलको प्रदर्शन

काठमाडौं । अमेरिकी सहयोग नियोग मिलेनियम च्यालेन्ज कम्प्याक्ट (एमसीसी) विरुद्ध २२ दलीय गठबन्धनले विरोध प्रदर्शन गरेको छ ।

एमसीसी सम्झौता खारेजीको माग गर्दै विभिन्न २२ दलको संयुक्त




गठबन्धनले काठमाडौंको माइतीघरदेखि नयाँ बानेश्वरसम्म विरोध प्रदर्शन गरेको हो ।

उनीहरुले एमसीसी सम्झौता खारेज गर, एमसीसी चाहिँदैन-देश बेच्न पाइदैन,नेपाल विदेशी स्वार्थका लागि परेड खेल्ने ठाउँ होइनलगायतका नारा लगाउँदै प्रदर्शनमा उत्रिएका थिए । प्रदर्शनमा नेकपा (मसाल), नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (माले), राष्ट्रिय जनमोर्चा, नेपाल, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल कम्युनिस्ट पार्टी, नेकपा (माओवादी केन्द्र), राष्ट्रिय जागरण मञ्चलगायत सहभागी थिए ।

# एमसीसी पास गर्ने शर्तमा प्रधानन्यायाधीश राणाविरुद्ध महाअभियोग

काठमाडौं । प्रधानन्यायाधीश चोलेन्द्र समशेर राणालाई महाअभियोग लगाएको बदलामा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले एमसीसी संसदमा टेबुल गर्न



सघाउने 'सम्झौता' गरेका खुलेको छ ।

प्रधानमन्त्री शेरबहादुर देउवा निकट नेताका अनुसार राणाविरुद्ध महाअभियोग दर्ता भएको अवस्थामा आफूहरुले एमसीसी संसद्मा टेबुल गर्न सघाउने भनेर प्रचण्ड र नेपालले वाचा गरेका हुन् । प्रधानमन्त्री देउवा, माओवादी केन्द्र अध्यक्ष प्रचण्ड र एकीकृत समाजवादीका अध्यक्ष नेपालबीच शनिबार प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा भेटवार्ता भएको थियो ।

शनिबारको भेटवार्तामा पनि देउवाले पहिलेजस्तै एमसीसी जसरी पनि संसद्मा लैजान आफूमाथि दबाब रहेको र संसद्मा लैजाने प्रक्रियामा 'असहयोग नगरिदिन' आग्रह गरेका थिए। देउवाको प्रस्तावपछि प्रचण्ड र नेपालले राणाविरुद्ध महाअभियोग लगाए आफूहरु एमसीसी संसद्मा लैजाने प्रक्रियामा सहयोगी बन्ने शर्त राखेका थिए । प्रधानमन्त्री देउवा निकट कांग्रेस नेताका अनुसार एमसीसी संसद्मा टेबुल भएर निर्णयार्थ पेस (मतदान) हुँदा भने माओवादी केन्द्र र एकीकृत समाज वादीका सांसद्हरु संसद्मा अनुपस्थित हुने पनि प्रचण्ड र नेपालले देउवालाई जानकारी गराएका छन् ।

फागुन १६ अघि नै एमसीसी पास गर्नुपर्ने दबाबमा रहेका देउवाले सत्ता गठबन्धनको सहयोग नपाउने भएपछि प्रतिपक्ष दल नेकपा एमालेसँग संवाद थालेका थिए। त्यही कारण राणाविरुद्ध महाअभियोग लगाएर एमालेलाई चिढाउन चाहेका थिएनन् ।

यता सभामुख अग्निप्रसाद सापकोटाले अमेरिकी सहायता परियोजना, बाँकी ६ पृष्ठमा


# निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न जुटिसकेका छौं : आयोग

काठमाडौं । आगामी वैशाख ३०




गते निर्धारण गरिएको स्थानीय तह निर्वाचनलाई सफल तुल्याउन निर्वाचन आयोग सघन तयारीमा जुटेको छ । आसन्न निर्वाचनको पूर्वतयारीमा नियमित रूपमा कार्यसम्पादन गर्दै आएको आयोगले निर्वाचन कार्यतालिकासमेत स्वीकृत गरिसकेको छ ।

आयोगद्वारा आइतबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा सचिव गोकर्णमणि दवाडीले निर्वाचनलाई सफल तुल्याउन सघन तयारीमा जुट्नका साथै कार्यतालिकासमेत स्वीकृत गरिसकेको जानकारी दिए । निर्वाचनको अन्तिम मतदाता नामावली तयारी गर्ने, सामग्रीको व्यवस्थापन गर्ने, राजनीतिक दल दर्ता गर्ने, मतदाता शिक्षा सामग्री बाँकी ६ पृष्ठमा



‘मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।’– *मोहन कार्की*

## सम्पादकीय

# अमेरिकाको धम्की नेपाली जनतालाई अमान्य छ

एमसीसी नेपालको सदनबाट सजिलै पास गर्न नसकेपछि अमेरिकाको बिदेश सहायक मन्त्री डोनाल्ड लूले धम्कीपूर्ण भाषा प्रयोग गर्दै नेपालमा चिनियाँ हस्तक्षेप भयो भनेर बुझ्ने र आउँदा दिनमा अन्य बुझाईमा पनि समस्या हुने भनेर धम्कीपूर्ण भाषा प्रयोग गरेको आम सञ्चारमाध्यममा आएका छन् । यो नेपाली जनताको लागि अमान्य विषय हो । नेपाली जनताले अमेरिकी जनता र अमेरिकाको देशलाई संसारको सबैभन्दा लोकतन्त्रको पक्षपाती भनेर चिन्दै आएका छन् । र अमेरिकाका जनताले सत्य र न्यायको पक्षमा काम गर्छन भनेर बुझ्दै आएका छन् ।

तर नेपालमा अमेरिकी मिलिनियम च्यालेन्ज कम्प्याक्ट परियोजना सदनमा पास गर्ने वा नगर्ने स्वतन्त्र नेपाल देशको आफ्नो अधिकारको कुरा हो । कुनै देशवाट सहयोग हुन्छ भने हाम्रो आफ्नो राष्ट्रिय स्वार्थसँग बाझियो भने हामीले त्यस्तो सहयोग नलिन पनि सक्छौ । यो एउटा सार्वभौम सम्पन्न राष्ट्रको अधिकारको कुरा हो । नेपाल स्वतन्त्र सार्वभौम सम्पन्न राष्ट्र हो ।

यतिवेला अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लूले एमसिसिको विषयलाई लिएर नेपालको सरकारलाई दवाव दिने त्यो पनि धम्कीको भाषामा यो नेपालका नेपालीहरुका लागि स्वीकार्य विषय होइन । एमसीसीका बुँदाहरु ठिक छन् भन्ने आधारहरु नेपालका जनतालाई बुझाउन राजनीतिक दलहरुलाई नेपालमा अमेरिकी गुप्तचरहरुले किन सकेनन् ? प्रश्न उठेका छन् । नेपाल बिरुद्ध एमसिसिका बुँदाहरु नभएको भए सवै नेपलीहरुको पहुँचमा वुँदागत सम्झौता ४ बर्षसम्म किन पुऱ्याएन ? नेपालमा एमसीसी परियोजना किन संसदबाट पास गर्नुपऱ्यो सवै बिदेशी सहयोगहरु अर्थ मन्त्रालयको वैदेशिक बिभाग अर्न्तगतको निकायले सम्झौता गरेर ल्याउने ब्यवस्था रहेको छ । यहि एमसीसी मात्रै संदनमा पास गर्नुपर्ने कारण के हो ? यी प्रश्नहरु राजनीतिक दलहरुले उठाउदै आएका छन् । अहिले पछिल्लो समय एमसीसीको बिषयमा अमेरिकाले दवाव नै दिन थालेपछि त झनै नेपाली जनता सशंकित हुनु स्वभाविक हो ।

अमेरिकाको हितमा एमसीसी परियोजना होला तर नेपालको हितमा त्यो परियोजना छैन भने किन स्वीकार्नु पऱ्यो ! नेपाल र अमेरिकाको कुटनैतिक सम्बन्ध विगतमा राम्रो रहेको छ । तर अहिले पछिल्लो समयमा आएर सक्तिशाली  राष्ट्र भए भन्दैमा अमेरिकाले जे भन्छ त्यो मान्नुपर्छ भन्ने हामीलाई छैन ।

एमसीसी परियोजना कतिपय राष्ट्रमा लागु भएको छ । नेपालका किन आपत्ति भन्ने कतिपयको भनाइ पनि छ । तर ति राष्ट्रहरुको भौगोलिक बिशिष्टता र नेपालको भौगौलिक बिशिष्टता फरक छ र विश्वको राजनैतिक परिस्थितिलाई मध्यनजर गर्दै नेपालले असंलग्न नीति लिदै आएको छ । त्यसकारण नेपाल देशको हकमा एमसिसि परियोजना आम जनताको हातहातमा पुगेर वुँदा–वुँदामा  छलफल नभई पास गरिनु हुन्न । नेपाली जनताले ल ठिक छ भनेर पारित नगरेसम्म एमसीसी परियोजना पास गरिनु हुदैन । देशको हितमा नभएको भनेर प्रश्न उठेपछि उक्त योजनालाई जनताको अधिकार प्रयोग गर्न दिइनुपर्छ । नेपाली जनताले राम्रोसँग अध्ययन गरेर बिज्ञहरुबाट अनुसन्धान गराएर मात्र एमसीसी अगाडी बढाउनु हितकार हुन्छ । वर्तमान सरकारले त्यसै गरोस् ।

# एससीसी के हो भनेर अब समाजमा बहस गर्न आवश्यक छैन

हरिविनोद अधिकारी

स्थानीय सरकारको निर्वाचन बेलामा हुने कि नहुने भन्ने विवादका बीचमा ७५३ वटै स्थानीय सरकारको निर्वाचन एकै चरणमा आगामी वैशाख ३० गते हुने नेपाल सरकारको घोषणाले त्यो विवादको हाललाई अन्त्य भएको छ । तर स्थानीय सरकारको निर्वाचन तत्काल नचाहने अस्थिरताका पक्षधरहरुका लागि अझै यो मसला बाँकीनै छ । त्यसको कारण हो तीन चरणमा भएको निर्वाचन र त्यसको समय सारिणीले देखाएको फरक समय । लाग्छ, गठबन्धन दलहरुमा निर्वाचन रोक्न सकिने आधारको खोजी भएको छैन होला भन्ने छैन । यसैबीच स्थानीय निर्वाचनका कारण देखिएको तातोतातो बहसभित्र मत्थर देखिएको ५० अर्ब अमेरिकी डलरको अमेरिकी अनुदान सहयोगका रुपमा भित्रिन लागेको पूर्वाधारका लागि प्राप्त हुने मिलेनियम च्यालेन्ज कर्पोरेसनको बारेमा फेरि बहस चुलिएको छ । नेपाल सरकार त एउटै छ,तर त्यसमा विद्यमान पाँचमुखे धारहरु आफैँमा फरकफरक धारणा राखेर अर्थ्याउँदै गरेको देख्न पाइन्छ ।

एससीसी के हो भनेर अब नेपाली समाजमा नयाँ बहस आवश्यक छैन । तर अमेरिकी सरकारको अनुदानका रुपमा प्राप्त हुन लागेको विद्युत प्रसारण लाइनका लागि आवश्यक पूर्वाधार सहयोगको रुपमा प्राप्त गर्नका लागि भएको सहमतिलाई अनावश्यकरुपमा गिजोलिएको भने पाइन्छ । अरु त अरु, हिजो जोजो सरकारमा थिए सहमतिका बेलामा, त्यो दल भनेको नेकपा माओवादी केन्द्रसमेत अहिले भएका सहमतिका बुँदामा संशोधनपश्चात् मात्र अनुमोदन गर्ने भनेर अडान लिइरहेको देखिन्छ ।

भनिन्छ, नेपाल सरकार र एमसीसीका बीचमा सहमतिमा हस्ताक्षर हुँदा संसदबाट अनुमोदन गराउनु पर्ने प्राबधान थिएन रे, र अहिले त्यो थपिएको हो । जे भए पनि समयबद्ध रुपमा हुनैपर्ने पूर्वाधार परियोजनाको लागि समय घर्कँदै गएको छ र अमेरिकाले समयलाई सार्दैसार्दै गएकोमा अब २०२२ को फेब्रुअरीभित्र संसदबाट या त अनुमोदन गर्न या फिर्ता लैजानका लागि अस्वीकार गरेको निर्णय दिन भनेको छ ।

कुरो अहिले कहाँसम्म पुग्यो भने अमेरिकी दक्षिण एसियाका लागि सहायक विदेश मन्त्री डोनाल्ड लुले प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ र नेकपा एमालेका अध्यक्ष तथा प्रमुख प्रतिपक्षी नेता केपी शर्मा ओलीलाई फोन गरेरै या अनुमोदन गर्न या अस्वीकृत गर्न धम्कीको भाषामा बोलेका छन् भन्ने समाचार आएको छ । त्यतिमात्र होइन, यसरी नेपालमा अपव्याख्या गरिनुमा चीनको सक्रियता हो भन्नेमा अमेरिका सशंकित देखिन्छ । त्यसको कारण हो सत्तारुढ नेकपा माओबादी केन्द्रका अध्यक्ष प्रचण्डको दोहोरो भूमिका । एकातिर अमेरिकी सरकारको संस्था एमसीसीलाई केही समय पछि संसदबाट पारित गराउने भनेर समय माग्ने अनि चीनलाई कुनै पनि हालतमा एमसीसी पारित हुन नदिने विषयमा ढुक्क रहन आश्वस्त पार्ने । त्यसको उदाहरणका लागि चीनका विदेशमन्त्री वाङ्यीले चीनका महामहिम राष्ट्रपति सिजिनफिङ्गो नेपाल भ्रमणभन्दा पहिले पेइचिङ्मा गरेको पत्रकार सम्मेलनमा प्रचण्डको प्रसङ्गमा दिएको वयान थियो । अहिले चीनका महामहिम राजदूत होउ यान्छीको अति सक्रियताले पनि यसको पुष्टि गरेको कुरा कूटनीतिक क्षेत्रमा आलोचनाको विषय बनेकै छ ।

अमेरिकाले पनि यो ५० करोड डलरको अनुदानलाई आफ्नो प्रतिष्ठाको विषय बनायो र एमसीसी संझौता पारित गरेर अमेरिकी सरकारलाई जानकारी दिन र त्यो परियोजना सक्रिय गराउन जोड दिएको छ । जोडमात्र दिएको होइन कि यदि यो अनुदान अस्वीकृत गरियो भने त्यसको कारक तत्व चीनको दबाब भन्ने मानिने छ र भावी परिणामका बारेमा स्पष्टरुपमा धम्कीपूर्ण अनुरोध गरेको देखिन्छ । यसको कारण हो, अमेरिकी सरकारले नेपाललाई दिने पूर्वाधारको अनुदानका बारेमा नेपालमा अमेरिकी सैनिक हस्तक्षेप, हिन्द प्रशान्तक्षेत्रीय रणनीतिको एकपक्ष र चीन घेर्ने नीति अन्तर्गत हो भन्ने भनाइ । नेपाल सरकारले पनि यो कुरा स्पष्ट गर्नु जरुरी छ कि यो परियोजनाले साँच्चै चीनको आन्तरिक मामिलामा हस्तक्षेप गर्नेगरी भित्र मनसाय हो कि विद्युत तथा सडक परियोजनाका लागि जरुरी सहयोग हो ?

शीतयुद्धताका एउटा भनाइ थियो संसारभरका कम्युनिस्टहरुका बारेमा कि मस्कोमा पानी पऱ्यो भने पानी परेको जस्तो लागेर छाता ओड्छन् । त्योबेलामा संसार दुई भागमा बाँडिएको थियो अमेरिकी पक्षधर र रुसी पक्षधर । त्यही बेला देखिनै अमेरिकालाई विस्तारवादी र साम्राज्यवादी शक्तिका रुपमा चित्रित गरिएको छ ।

अमेरिकाको बारेमा त यतिसम्म नेपाली संसदमा विरोध गरिएको सुनिन्छ कि कुरो हुन्छ नेपालमा तेलको मूल्यवृद्धि तर नेमकिपाका प्रतिनिधि सांसदले पहिले अमेरिकी साम्राज्यवादको विरोध गरेर तेलको भाउमा बारेमा बोल्ने गर्छन् ।

अहिलेको समस्या भनेको एमसीसी बारेमा किन संसदमा छलफल हुँदैन ? त्यो यदि संसदको कार्यक्षेत्रमा गएर निर्णय हुने हो भने किन त्यसलाई संसदको कार्यसूचीमा प्रवेश दिइँदैन ? यसले सम्मानननीय सभामुखको नियतमाथि समेत शंका उठाउन थालिएको छ र किन नेकपा माओबादी पक्षधरलाई नै सभामुख बनाउन लागिँदो रहेछ भन्ने गाँठो फुक्दैछ, र किन उपसभामुखको निर्वाचन हुन सकेको छैन भन्ने पनि विषय शंकाको घेरामा छ । यसमा प्रतिपक्षी नेताको भूमिका भनेको सरकारको धारणा सिंगोरुपमा आउनु पर्छ । हुनसक्छ, नेकपाको मामलामा जसरी नेकपा माओबादीमा फुट आयो, त्यसैगरी एमसीसीको विषयले फेरि माओबादीमा फुट आउन सक्छ ।

सायद त्यही भएर होला, माओबादी दलमा पदाधिकारी छान्ने विषय पनि एमसीसीको एउटा अंग बन्ने सम्भावना छ किनभने अध्यक्ष प्रचण्डको दोहोरो चरित्रका कारणले एमसीसीको पक्षमा माओबादी लाग्नेकि नलाग्ने भन्ने द्विविधा देखिएको छ ।खासगरी महासचिवका लागि देखिएको विवादका कारणले पनि केन्द्रीय समितिको बैठक अनिश्चितकालका लागि धकेलिएको हो । प्रमुख प्रतिपक्षी नेता तथा पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले स्पष्टरुपमा अमेरिकी सहायक विदेश मन्त्री डोनाल्ड लुलाई सरकारको स्पष्ट धारणा आएपछि मात्र आफू बोल्ने भन्नु भएको कुरा एमालेका विदेश विभाग प्रमुख डाक्टर राजन भट्टराईले सामाजिक सञ्जालमा लेख्नु भएको छ ।

के नेपालका सबै कम्युनिस्ट घटकहरुको एउटै धारणा हो त ? त्यसो भए पक्कै आम निर्वाचनको घोषणा हुन सक्ने अवस्था सृजना हुनसक्छ । नेपालको परिप्रेक्ष्यमा कुनचाहिँ कम्युनिस्ट घटक सही कम्युनिस्ट हो र पुष्पलालजीको कल्पनाको पार्टी हो भन्ने निक्यौंल गर्न कठिन छ र पनि नेकपा एमालेचाहिँ थोरबहुत पुष्पलालजी र मनमोहनजीको उत्तराधिकारी दल हो भन्ने अनुमान गर्न सकिन्छ । किनभने एमालेले अहिले पनि प्रजातन्त्रको पक्षमा पनि बोलेको पाइन्छ जबकि पछिल्लो पटक सरकारमा रहँदा प्रतिनिधि सभा बारम्बार विघटन गरेर प्रजातान्त्रिक छविमा ग्रहण लगाएकै हो । तर पनि आजको राजनीतिक परिप्रेक्ष्यमा एमालेको विकल्प एमाले नै हो, अरु कम्युनिस्ट दल हुनै सक्दैनन् भन्ने पुष्टि हुँदैछ ।

सुरुमा चीन पनि रुसी पक्षधरतामा नै थियो तर १९६० को दशकमा रुस र चीनको आफ्ना( आफ्ना भागमा कम्युनिस्टहरु बाँडिए । भारतमा राजनीतिमा रुसी पक्ष नरम देखिएको थियो भने चिनियाँ पक्ष आक्रामकरुपमा प्रस्तुत भएको थियो । भारत र चीनका बीचमा बारम्बार युद्ध हुनुले पनि त्यसको प्रमाणित गरेको छ र हालैमात्र पनि भारत र चीनका बीचमा जम्मु( कस्मिर हिमरेखामा युद्ध भएको थियो । त्यसको असर राजनीतिक फाँटमा अझै बाँकी छ । नेपालमा सोभियत संघको पतनपश्चात् चीन पक्षधरताको मात्र बोलबाला भयो । किनभने सोभियत पक्षधरको लागि अभिभावकत्व ग्रहण गर्ने कुनै नयाँ शक्ति देखिएन । राजा महेन्द्रले पञ्चायती व्यवस्थाको सूत्रपात गर्नुमा त्यसबेलामा छरिएर रहेका कम्युनिस्टहरुको समर्थन थियो भनिन्छ, र कतिपय नयाँ जन्मिएका कम्युनिस्ट पार्टीहरुको जसका कारणले संगठित भएका भए पनि पञ्चायतसँग कुरा मिल्ने भएकाले कतिले पञ्चायतभित्रै आफूलाई अटाए र कतिपयले पञ्चायतको भित्री सहयोग लिएर संगठन निर्माण गरेका थिए भन्ने कुरा अहिले पनि झझल्को दिने भाषणहरु सुन्न पाइन्छ । कम्युनिस्ट पार्टीका संस्थापकमध्ये मुख्य व्यक्तिहरु पुष्पलाल र मनमोहन अधिकारी बाहेक अरुले यो या त्यो तरिकाले राजासँगको सहकार्य जारी राखेका थिए । तर दृश्यमा डाक्टर केशरजंग रायमाझी देखिन्थे । आज पनि रायमाझी पथ भनेर कम्युनिस्टका एउटा घटकले अर्कोलाई दक्षिणपन्थी भनेर गाली गर्नुपर्दा प्रयोग गरिने शब्दावली छँदैछ ।

गिजोलिएको एमसीसी कारणले नेपालको संसदको आफ्नो निर्णय गर्ने क्षमतामा प्रश्न उठिरहेको बेलामा गठबन्धनभित्रैबाट स्थानीय निर्वाचन बिथोल्ने सम्भावना प्रमुख प्रतिपक्षी दल एमालेले देखेको छ र प्रचण्डको २०७४ सालको स्थानीय निर्वाचनको भूमिकाको स्मरण गरेको छ । यदि नेपाल अमेरिका, भारत र चीनको राजनीतिक खेल मैदान भयो भने एमसी सीका कारणले नै नेपालमा निर्वाचन कहिल्यै नहुन पनि सक्छ भन्ने पर्यवेक्षकहरुको धारणा छ । तत्काल अमेरिकाले भनेझैँ या त एमसीसी पारित गरेर विश्वसनीयता प्रदर्शन गर्नु जरुरी छ । यो सन्दर्भ यति गिजोलियो कि एमसीसीका बारेमा बोल्ने, लेख्ने सबै अराष्ट्रवादी हुने भनेर हल्ला फिँजाइएको छ । जसले गर्दा बहस गर्न पनि मानिसहरु डराउन थालेका छन् जबकि सरकारले हस्ताक्षर गरेर ल्याएको हो र संसदसँग यसको सम्पूर्ण अधिकार सुरक्षित छ (स्वीकार गर्ने कि नगर्ने ?  इमेजखबर

भनिन्छ, नेपाल सरकार र एमसीसीका बीचमा सहमतिमा हस्ताक्षर हुँदा संसदबाट अनुमोदन गराउनु पर्ने प्राबधान थिएन रे, र अहिले त्यो थपिएको हो । जे भए पनि समयबद्ध रुपमा हुनैपर्ने पूर्वाधार परियोजनाको लागि समय घर्कँदै गएको छ र अमेरिकाले समयलाई सार्दैसार्दै गएकोमा अब २०२२ को फेब्रुअरीभित्र संसदबाट या त अनुमोदन गर्न या फिर्ता लैजानका लागि अस्वीकार गरेको निर्णय दिन भनेको छ ।

कुरो अहिले कहाँसम्म पुग्यो भने अमेरिकी दक्षिण एसियाका लागि सहायक विदेश मन्त्री डोनाल्ड लुले प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र नेकपा एमालेका अध्यक्ष तथा प्रमुख प्रतिपक्षी नेता केपी शर्मा ओलीलाई फोन गरेरै या अनुमोदन गर्न या अस्वीकृत गर्न धम्कीको भाषामा बोलेका छन् भन्ने समाचार आएको छ । त्यतिमात्र होइन, यसरी नेपालमा अपब्याख्या गरिनुमा चीनको सक्रियता हो भन्नेमा अमेरिका सशंकित देखिन्छ । त्यसको कारण हो सत्तारुढ नेकपा माओबादी केन्द्रका अध्यक्ष प्रचण्डको दोहोरो भूमिका । एकातिर अमेरिकी सरकारको संस्था एमसीसीलाई केही समय पछि संसदबाट पारित गराउने भनेर समय माग्ने अनि चीनलाई कुनै पनि हालतमा एमसीसी पारित हुन नदिने विषयमा ढुक्क रहन आश्वस्त पार्ने । त्यसको उदाहरणका लागि चीनका विदेशमन्त्री वाङ्यीले चीनका महामहिम राष्ट्रपति सिजिनफिङ्गो नेपाल भ्रमणभन्दा पहिले पेइचिङ्मा गरेको पत्रकार सम्मेलनमा प्रचण्डको प्रसंगमा दिएको वयान थियो । अहिले चीनका महामहिम राजदूत होउ यान्छीको अति सक्रियताले पनि यसको पुष्टि गरेको कुरा कूटनीतिक क्षेत्रमा आलोचनाको विषय बनेकै छ ।

# अरुण नदीको बेलिब्रिज भाँचियो

संखुवासभाको मकालु गाउँपालिका ५ र १ जोड्ने बेलिब्रिज भाँचिएको छ । मकालु ५ को नुम र वडा नम्बर १ वालुङ जोड्ने अरुण नदीमा निर्माण गरिएको बेलिब्रिज भाँचिएको हो । शनिबार दिउँसो निर्माण सामग्री बाकेको लोवेट तार्ने क्रममा बेलिब्रिज भाँचिएको मकालु गाउँपालिका ५ का कार्यपालिका सदस्य पुरन याम्फुले जानकारी दिए । निर्माणाधीन इप्सुवा हाइड्रो पावर कम्पनीको निर्माण सामाग्री लिएर गएको तीन वटा लोवेट टूक पुल भाँची पछि अरुण नदीमा खसेको कार्यपालिका सदस्य याम्फुले बताए । टूकमा सवार चालक र सहचालक भने सकुलनै रहेको छन् । अरुण नदीको बेलिब्रिज भाँचिएपछि आवतजावत ठप्प भएको छ । पुलको भन्दा बढी क्षमताभन्दा सामाग्री बाँकी ६ पृष्ठमा

# मिडियाको शक्ति, प्रभाव एवं महत्व

डा. निर्मलमणि अधिकारी

सन् १९८१ मा प्रकाशित 'मिडिया : द सेकेण्ड गड' पुस्तकमा लेखक टोनी श्वार्जले इलेक्ट्रोनिक मिडिया (विद्युतीय माध्यम) को विशेषतालाई पाश्चात्य जगत्मा मानिने ईश्वरको अवधारणासँग तुलना गरी रोचक निष्कर्ष निकाले । उनको विश्लेषण निम्नानुसार रहेको थियो (ईश्वर सर्वज्ञानी छन् र सर्वशक्तिमान् पनि । ईश्वर भनेको भाववाचक हो, शरीर होइन । उनी बाह्य जगत्मा पनि छन् र हामीभित्रै पनि छन् । उनी सदैव हामीसँग छन् किनभने उनी सर्वव्यापी छन् । हामीलाई ईश्वरबारे पूरा बुझ्न कहिल्यै सक्दैनौं किनभने उनी रहस्यमय तरिकाले काम गर्छन् ।

बृहद् रूपमा उक्त विशेषताले हाम्रा पूर्वजले मान्ने ईश्वरलाई वर्णन गर्छ । साथै यसले इलेक्ट्रोनिक मिडिया, दोस्रो ईश्वरलाई पनि वर्णन गर्छ जुन मानवले रचना गरेको हो । टोनी श्वार्जले इलेक्ट्रोनिक मिडियाका विशेषतालाई उनका पूर्वजको ईश्वरसम्बन्धी मान्यतासँग तुलना गरी आफ्नो पुस्तकको शीर्षकमै मिडियालाई दोस्रो ईश्वर भनेर इङ्गित गर्नुको गहिरो निहितार्थ छ । मिडियाको शक्ति, प्रभाव एवं महत्त्वलाई विशेष प्राथमिकता दिने विचारधारा पश्चिमा बौद्धिक जगत्मा उनीभन्दा पहिल्यैदेखि बलियोसँग उपस्थित थियो ।

प्रसिद्ध मिडिया सिद्धान्तकार मार्शल म्याक्लुहानले सन् १९६४ मा प्रकाशित उनको पुस्तक 'अण्डरस्ट्याण्डिङ मिडिया : द एक्स्टेन्सन अफ् म्यान' को एक अध्यायको शीर्षक 'मिडियम इज् द मेसेज' राखेका थिए । सन् १९६७ मा सोही शीर्षकमा उनको अर्को पुस्तक नै प्रकाशित भयो । यसरी सञ्चार प्रक्रियामा मिडिया नै निर्णायक तत्त्व हो भन्ने तर्कलाई म्याक्लुहानले अगाडि सारे । सञ्चार प्रक्रियामा मिडियाको भूमिका वा महत्त्वको सवालमा उनका तर्कले तत्कालीन बौद्धिक वृत्तमा हलचल मचायो ।

सञ्चार विधामा सिद्धान्तको बहुलता र धेरै वैविध्य पनि छ । कोही सञ्चार प्रक्रियाको समष्टि संरचनालाई प्रधान मानेर त्यसैको अनुसन्धानमा केन्द्रित छन् । कोही सञ्चारको सांस्कृतिक भूमिकालाई प्रधान मानेर विश्लेषण गर्छन् । सञ्चारमा प्रयुक्त सूचना वा सन्देश वा भाषालगायतका सङ्केत प्रणालीलाई प्रधान मान्ने अध्ययन धारा पनि प्रबल छ । म्याक्लुहानले चाहिँ मिडियाको दृष्टिबिन्दुबाट सञ्चार प्रक्रियाको विश्लेषण गरी बौद्धिक जगत्मा अर्को प्रभावकारी बौद्धिक हस्तक्षेप गरे । सञ्चार प्रक्रियामा मिडियाको भूमिका जस्तै बृहद् परिप्रेक्ष्यमा प्रविधिलाई नै समाज विकासको निर्णायक तत्त्व मान्ने विचारधारा पनि छ ।

सञ्चार प्रक्रियामा मानव सहभागिता वा संस्कृति वा सङ्केत प्रणाली वा सञ्चार संरचनालाई न्यूनाङ्कन गर्ने र मिडियालाई निर्णायक तत्त्व मान्ने दृष्टिकोणलाई विभिन्न चिन्तन परम्पराका सापेक्षतामा थप विश्लेषण गर्नु समीचीन हुन्छ । पश्चिमा सभ्यताको सम्पूर्ण दार्शनिक पद्धतिलाई आदर्शवादी वा प्रत्ययवादी र भौतिकवादी भनेर दुई(फक्लेटे (द्विधा) विभाजनात्मक विश्लेषण गरी कुनै एक कित्तामा उभिने प्रवृत्ति थियो । मिडिया नै निर्णायक वा मिडिया दोस्रो ईश्वर भन्ने विश्लेषणले पनि एउटा विशेष तत्त्व वा अर्को भन्ने दुई(फक्लेटे विभाजनमूलक चिन्तन पद्धतिलाई नै सारमा अवलम्बन गरेको हुन्छ ।

पाश्चात्य बौद्धिक जगत्मा संरचनावाद (स्ट्रक्चरालिज्म), आधुनिकतावाद (मोडर्निज्म) आदिले प्रवर्धन गरेका विश्लेषण पद्धतिले कुनै पनि तथ्य, प्रक्रिया वा परिघटनालाई सातत्यको दृष्टिकोणबाट नहेरी त्यसमा कुनै परम सत्य (एब्सल्युट् ट्रुथ) को ठोकुवा गर्ने विश्वदृष्टिकोणको गहन प्रभाव ज्ञानका अन्य विधामा झैं सञ्चार विधामा पनि देखिन्छ । सञ्चार प्रक्रियाको समष्टि संरचना वा सङ्केत प्रणाली वा बोध प्रक्रिया वा मिडियामध्ये कुनै एकको मात्र महत्त्वमा अति केन्द्रित भई सञ्चारको निर्णायक तत्त्व कुन हो भनी बहस गर्ने प्रवृत्ति वास्तवमा पाश्चात्य बौद्धिक जगत्मा रहेको विश्वदृष्टिकोणकै द्योतक हो तर नेपाल, भारत, चीन वा अन्य देशमा मौलिक दार्शनिक दृष्टिकोणबाट हेर्ने हो भने मिडिया नै एकल निर्णायक तत्त्व ठह(याउनु तथा मिडियालाई दोस्रो ईश्वर जस्तै देख्नु समीचीन ठहर्दैन । जस्तै : सञ्चारको साधारणीकरण ढाँचा तथा मीमांसा दार्शनिक सञ्चार सिद्धान्तीकरणको उदाहरणले मिडियालाई कसरी हेर्ने भन्ने विषयमा म्याक्लुहान वा श्वार्जका निष्कर्षभन्दा अलग्गै सिद्धान्त देखाउँछन् ।

मिडियालाई दोस्रो ईश्वर भनिएको कथन चर्चित भएता पनि पश्चिमा बौद्धिक जगत्मा त्यो मात्रै एकल दृष्टिकोण छैन र मिडियालाई सैतानको विस्तार मान्नेहरू पनि छन् भन्ने तथ्य पनि बिर्सनुहुँदैन । टेलिभिजनको लोकप्रियता बढ्दो रहेको अवस्थामा त्यसलाई एकआँखे राक्षस (वनआइड् मन्स्टर्) भनेर दुत्कार्दै लेखिएका सामग्रीहरू थुप्रै थिए । रेडियो सुन्दा, चलचित्र हेर्दा, टेलिभिजन हेर्दा चरित्र बिग्रन्छ भन्ने सोच नेपालमा पनि कुनै बेला व्याप्त थियो ।

उहिल्यै ग्रीसमा साहित्यले चरित्रको भ्रष्टीकरण हुन्छ कि भावको विरेचन हुन्छ भन्ने बारे गुरु प्लेटो र शिष्य एरिस्टोटलको मतवैभिन्न्य भएको थियो । आधुनिक युगमा मिडिया प्रभाव बारे अनुसन्धान र सिद्धान्तीकरणका क्रममा मिडियाको नकारात्मक प्रभाव दृष्टिकोण र मिडियाको सकारात्मक प्रभाव दृष्टिकोण भनिने दुई अलग अलग कित्तामा छुट्टिएर विभिन्न अध्येताले गरेको बौद्धिक द्वन्द्व पनि यहाँ स्मरणीय छ । पाश्चात्य सन्दर्भमा दुई(फक्लेटे वैचारिक द्वन्द्व लगभग सबै विधाहरूमा भेटिन्छ ।

डिजिटल मिडियाको विकाससँगै समकालीन मानव समाजमा मिडिया र अन्य प्रविधिको प्रयोग र असर अभूतपूर्व मात्रामा बढ्दो छ । पहिले अभिव्यञ्जन, बोध, मनोरञ्जन, दूरसञ्चार तथा तथ्याङ्कको सम्प्रेषण, प्राप्ति, भण्डारण र पुनः प्राप्तिका लागि अनेक साधनहरू चाहिने तथा त्यस्ता साधनहरूमा अत्यन्त कम सङ्ख्याका मानिसहरूको पहुँच हुने अवस्था थियो । अहिले एउटै साधन वा 'ग्याजेट' मा पहुँच हुनासाथ क्लिक् वा स्वाइप्को भरमा उपर्युक्त सबै कुरामा पहुँच हुने जस्तो अवस्था आइसकेको छ । मानिसको मिडियामाथिको पहुँच साथै निर्भरता पनि बढ्दो छ ।

प्रविधिमाथिको निर्भरताले मानव समाजमा पार्न सक्ने असर बारे विभिन्न कोणबाट बौद्धिक विमर्शहरू हुन थालेका छन् । मिचियो काकुका कुरा सुन्दा मानव समाज प्रविधिका कारणले प्रगतितर्फ उन्मुख छ भन्ने आशा पलाउँछ भने युवाल नोह हरारीका कुरा सुन्दा प्रविधिले मानव समाजमा अभूतपूर्व चुनौती निम्त्याउँदैछ भन्ने आशङ्का उब्जन्छ । प्रविधि नै निर्णायक तत्त्व मान्ने हो वा मिडिया दोस्रो ईश्वर भन्न मिल्ने गरी शक्तिशाली भइसकेको ठान्ने हो भने त मानिसलाई आफ्नै आविष्कार वा उत्पादनले परास्त गर्ने निराशावादी सोचले स्थान पाउने देखिन्छ ।

अर्कोतिर, सञ्चारको साधारणीकरण ढाँचा तथा मीमांसा दार्शनिक सञ्चार सिद्धान्तीकरण (सञ्चारको भाट्ट मीमांसा ढाँचा) ले चाहिँ सञ्चारमा मिडियालाई एकल निर्णायक तत्त्व मान्दैनन् र निराशावादी दृष्टिकोण लिँदैनन् । सञ्चारको साधारणीकरण ढाँचाको अभिनिर्माणमा भरतमुनिकृत नाट्यशास्त्र र भर्तृहरिकृत वाक्यपदीय मूल आधारग्रन्थ रहेका छन् र भट्टनायकको साधारणीकरण सिद्धान्त अनुसार सञ्चार ढाँचा बनाइएको छ । सो सञ्चार ढाँचामा मिडियालाई जनाउने संज्ञा 'सरणि' हो ।

सञ्चारको भाट्ट मीमांसा ढाँचामा वैदिक परम्पराका मुख्य छवटा दर्शनमध्येको जैमिनिकृत मीमांसा दर्शनको मूल आधार लिइएको छ । जैमिनिका मीमांसासूत्रमाथि शबरस्वामीका भाष्य र आचार्य कुमारिल भट्ट, प्रभाकर मिश्र र मुरारि मिश्रका अलग अलग मत मानिन्छन् । तीमध्ये आचार्य कुमारिल भट्टका दार्शनिक परम्पराका आलोकमा सञ्चार सिद्धान्तीकरणको फलस्वरूप उक्त सञ्चार ढाँचा अभिनिर्मित भएको हो । सञ्चारको भाट्ट मीमांसा ढाँचामा मिडियालाई जनाउने संज्ञा 'करण' हो । सञ्चार प्रक्रियामा प्रयुक्त माध्यम (मिडिया) लाई 'सरणि' भन्नु वा 'करण' भन्नुमा शब्दको भेद मात्रै छैन, यहाँ त अलग अलग दार्शनिक पृष्ठभूमि छन् । सञ्चारको साधारणीकरण ढाँचा अनुसार सञ्चार प्रक्रियाको लक्ष्य वा प्राप्तव्य सहृदयता हो । यस प्रक्रियामा सञ्चारकर्ता (सहृदय) का भाव र रस प्रधान हुन् र 'सरणि' (मिडिया) त केवल बाह्य सहायक तत्त्व मात्रै हो । साधारणीकरण ढाँचा अनुसारको सञ्चार प्रक्रियामा मिडियाको भूमिका त अवश्यै छ तर त्यो निर्णायक होइन ।

यसलाई मानव शरीरको महत्त्वसँग तुलना गर्न सकिन्छ । वेदान्त दर्शन अनुसार, शरीरको विभु मन र मनको विभु आत्मा भएको हुनाले शरीर जीवको अस्तित्व र आत्माको मोक्ष प्राप्तिका लागि शरीर आवश्यक त छ तर त्यसलाई लक्ष्य वा प्राप्तव्य वा निर्णायक तत्त्व मानिँदैन । मानव शरीर त आत्माको मोक्षयात्राको माध्यम मात्र हो । सञ्चारको भाट्ट मीमांसा ढाँचामा 'करण' (मिडिया) को भूमिका सञ्चार प्रक्रियाका अन्य तत्त्वको तुलनामा कम छैन । यो पनि महत्त्वपूर्ण हो । यसरी बाँकी ६ पृष्ठमा

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी
एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।
दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :


१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।
४. खाना पकाउदा सधैं झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :


१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ । ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. झ्याल ढोका खुल्ला राखौं र फिल्का निस्कने वस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौं । विद्युतजन्य उपकरणको प्रयोग नगरौं ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौं र यथाशिघ्र नजिकको ग्याँस बिक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौं ।
"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी
नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

# रामेछाप डायरी

## प्रेस चौतारी रामेछापको अध्यक्षमा श्रेष्ठ

रामेछाप । एमाले निकट प्रेस् संगठन, प्रेस् चौतारी नेपाल रामेछापको अध्यक्षमा नवराज श्रेष्ठ सर्वसहमतिले चुनिएका छन् । त्यस्तै सचिवमा निरोज थापाले जिम्मेवारी पाएका छन् । शनिबार मन्थलीमा सम्पन्न भएको चौथो जिल्ला अधिवेशनबाट श्रेष्ठ चौतारीको अध्यक्षमा चुनिएका हुन् । यसअघि चौतारीको अध्यक्षमा युनिकबिफा घिसिङ रहेका थिए ।

तीन वर्षे कार्यकालको लागि चुनिएका पदाधिकारीको उपाध्यक्षमा विष्णु खड्का र सुमित्रा तामाङद्वय छन् । त्यस्तै सह–सचिवमा शंकर बरुवार र दीपक तामाङ छनोट भएका छन् । भने कोषाध्यक्षमा सिता पुरीले जिम्मेवारी पाएकी छन् । चौतारीका केन्द्रिय अध्यक्ष गणेश बस्नेत, एमाले केन्द्रिय सदस्य एवं जिल्ला पार्टी ईन्चार्ज कैलाश ढुङ्गेलको उपस्थितिमा भएको कार्यक्रममा चौतारीका केन्द्रिय सदस्यद्वय नवराज पथिक र युनिकबिफा घिसिङ पनि सहभागी थिए । चौतारीले पत्रकार पथिकलाई चौरारी पत्रकारीत पुरस्कारबाट सम्मान पनि प्रदान गरेको थियो ।

## कठजोरमा ११ वर्षीय बालिकालाई करणी गर्ने नेपाली पक्राउ

रामेछाप । रामेछापको मन्थलीमा ११ वर्षिया बालिकालाई जबरजस्ती करणी गरि फरार रहेका एक पक्राउ परेका छन् । पक्राउ पर्नेमा मन्थली नगरपालिका वडा नं ३ कठजोर बस्ने ४२ वर्षीय रामकुमार नेपाली छन् । उनले ती बालिकालाई 'तिम्रो बुवा आउने ठेगान छैन, बज्यै कान सुन्नु हुन्न एक्लै बस्न हुन्न भनी फकाई फुल्याई हात समातेर उनको आफ्नो घर तर्फ लाने क्रममा सिधाबाटो नलगी वनको घुमाउरो बाटोबाट लगि, खोल्सामा पुगेपछि यौनिक मनसायले अपशब्द प्रयोग गरेको अनुसन्धानबाट खुल्यो जिल्ला प्रहरी कार्यालय रामेछापका सूचना अधिकारी श्रीशंकर श्रेष्ठले भने ।

८५ वर्षिय वृद्ध, सुस्त मनस्थितीकी हजुरआमाको साथमा रहेको बेला फकाएर साँझ ६ : ३० बजेको समयमा लगेको बताइएको छ । 'शरिरमा सुमसुम्याई बाल यौन दुरुपयोग गरी वारदात पश्चात भागी फरार रहेका नेपालीलाई गत माघ २९ गते कठजोरबाटै पक्राउ गरिएको हो सूचना अधिकारी श्रेष्ठले भने । पक्राउ परेका नेपालीलाई जिल्ला अदालत रामेछापबाट ७ (सात) दिनको म्याद गरेर 'बालयौन दुरुपयोग' मुद्दामा अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय रामेछापले जनाएको छ ।

## मझुवामा कांग्रेस र माओवादी त्याग्दै एमाले प्रवेश

रामेछाप । रामेछापको खाँडादेवी गाउँपालिकामा कांग्रेस र माओवादी केन्द्र परित्याग गर्दै एमाले प्रवेश गरेका छन् । पालिकाको वडा नं २ मझुवा, निगालपानीमा कार्यकर्ता भेला एक कार्यक्रममा दुई दर्जन बढि माओवादी र कांग्रेसका कार्यकर्ता एमाले प्रवेश गरेका हुन् । उनीहरुलाई नेकपा एमाले केन्द्रीय पोलिटब्युरो सदस्य तथा सहकारी बिभाग प्रमुख कमल चौलागाईं, बागमती प्रदेश कमिटी सदस्य प्रेमबहादुर तामाङले स्वागत गरेका छन् ।

## रामेछापमा राजकुमार थिङ नयाँ डिएसपी

रामेछाप । जिल्ला प्रहरी कार्यालय रामेछापका डिएसपी नवराज ढुंगानाको सरुवा भएसँगै नयाँ डिएसपीमा राजकुमार थिङ आउने भएका छन् । प्रहरी प्रधान कार्यालयले दस जना डिएसपीको सरुवा गर्दै रामेछापमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगमा कार्यरत थिङलाई पठाएको हो । स्थानीय तहको निर्वाचनमा नयाँ डिएसपी थिङले जिल्लाको कमाण्ड गर्ने भएका छन् ।

१३ महिना अघि रामेछाप आएका डिएसपी ढुंगानाले आफ्नो कार्यकालमा राम्रो काम गरेर रामेछापवासीको मन जित्न सफल भएका छन् । नागरिकको गुनासोलाई पहिलो प्राथमिकता दिएर काम गरेकै कारण जबरजस्तीकरणीको घटनादेखि फरार रहेका अभियुक्तहरुलाई समेत पक्राउ गर्न सफल भएका डिएसपी ढुंगानाको सरुवा १ नम्बर प्रदेशको डिआइजी कार्यालयमा भएको छ ।

## रामेछापको राकाथुममा बन्यो शहीद रानामगरको शालिक

रामेछाप । रामेछापको खाँडादेवी गाउँपालिका–१ राकाथुममा जनयुद्धको क्रममा शहीद भएका अर्जुन कुमार रानामगर (भगवान)को शालिक निर्माण गरिएको छ । खाँडादेवी गाउँपालिका–१ राकाथुम वडा कार्यालयबाट विनियोजित रकमबाट रानामगरको शालिक निर्माण गरिएको हो ।

निर्माण गरिएको शालिकको २७ औं जनयुद्ध दिवसको अवसरमा रामेछापका प्रतिनिधिसभा सांसद श्याम कुमार श्रेष्ठले शहीद रानामगरको शालिकको अनावरण गरेका हुन् । राकाथुमको चापबोटस्थित अर्जुन स्मृति शहीद पार्कमा निर्माण गरिएको रानामगरको शालिक निर्माण गरिएको हो । वडा कार्यालय राकाथुमबाट विनियोजित करिब १८ लाख लागतमा पार्कसहित शहीद रानामगरको शालिक निर्माण गरिएको जानकारी दिए ।

## बालमैत्री नगरपालिका घोषणाका लागी २ दिने अभिमुखिकरण

बालमैत्री स्थानीय शासन अवलम्बन तथा घोषणा सम्बन्धि २ दिने अभिमुखिकरण कार्यशाला रामेछाप नगरपालिकामा सुरु भएको छ । बालमैत्री नगरपालिका घोषणाका लागी सरोकारवालाहरुको बालमैत्री अवधारणा सम्बन्धि ज्ञान ,सीप तथा क्षमता अभिबृद्धिको मार्फत घर परिवार,टोल बस्ती ,वडा हुँदै नगरलाई नै बालमैत्री बनाउन अभियानलाई सार्थकता दिने उद्धेश्यले अभिमुखिकरण गरिएको नगरपालिकाले जनाएको छ ।

भोलिसम्म चल्ने कार्यशालामा बालमैत्री स्थानीय शासन अवधारणा,बालमैत्री नगरपालिकाको लागि बालबालिका सम्बन्धि निति ,कार्य विधि निर्माण,कार्यान्वयनका खुड्किला, २७ वटा सेवाप्रवाह र १२ संस्थागत सुचकहरु, सुचकहरुको सरलिकरण, आचार संहिता निर्माण, बालबालिकाहरुको बस्तुगत विवरण तयारी, लगानी योजना लगायत बिषयमा प्रशिक्षक विष्णु प्रसाद चतुर्वेदीले सहजीकरण गरिरहनुभएको छ ।

अभिमुखिकरण कार्यक्रममा रामेछाप नगरपालिकाका प्रमुख नर बहादुर थापा मगर, उपप्रमुख सृजना खड्का, प्रमुख प्रशासकिय अधिकृत रामचन्द्र लामगादे, वडाध्यक्षहरु, वडाका सचिवहरु, नगरपालिकाकाकर्मचारी, विद्यालयका प्रधानाध्यापकहरु, सुरक्षा निकायका प्रतिनिधि, महिला स्वास्थ्य स्वयंसेविका लगायतको सहभागिता रहेको छ ।

# एमसीसीले ल्याएको राजनीतिक परकम्प

**- कृष्ण खनाल**

पाँच महिनाभित्र बहुचर्चित अमेरिकी सहयोग परियोजना एमसीसी पारित गराउने आश्वासन सहित गत असोजमा सत्ता गठबन्धनभित्रका प्रभावशाली नेता एवं माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले उक्त योजनाको मुख्यालयलाई लेखेको पत्र खुलासा भएपछि राजनीति निकै तरंगित भएको छ। उनी र उनको पार्टीले सार्वजनिक रूपमा एमसीसीलाई यथास्थितिमा पास गर्न सकिन्न भन्दै आएका हुन। तर पाँच महिनामा यसलाई पारित गर्ने आश्वासन दिएर लेखेको त्यो पत्रले उनको दोहोरो चरित्रलाई उजागर गऱ्यो भनेर टिप्पणी हुन थालेको छ।

उनी गम्भीर आलोचनाको पात्र भएका छन। उनीसँगै पत्र लेख्ने प्रधानमन्त्री शेरबहादुर देउवा र उनको पार्टी कांग्रेस सुरुदेखि नै एमसीसीको पक्षमा खुलेका हुन्। तसर्थ देउवाको पत्र अनपेक्षित थिएनरु। आफ्नो पार्टी नीति र राजनीतिक झुकावका आधारमा एमसीसीको विरोध वा समर्थन गर्नु एउटा कुरा हो, तर त्यसबारे भित्र एउटा र बाहिर अर्को बोली-व्यवहार भने आपत्तिजनक छ। यस्तो व्यवहारले नेता र पार्टीलाई झनै अविश्वसनीय बनाउँछ, मुलुकमा पनि संकट निम्त्याउँछ। खास गरी कम्युनिस्ट नेताहरूको यस्तो व्यवहार नेपाली राजनीतिमा स्थायी प्रवृत्ति नै बनिसकेको छ।

एमसीसीलाई नेपाल सरकारले अग्रिम सहमति दिएको चार वर्षभन्दा बढी भइसक्यो। केपी ओली नेतृत्वको अघिल्लो सरकारले समयमै यसलाई संसद्बाट अनुमोदन गराएर कार्यान्वयनमा लगेको भए यो सम्झौताको अवधि आधा नाघिसकेको हुन्थ्यो। अहिले हामी यसका स्थलगत उपलब्धिका आधारमा फाइदा बेफाइदा छुट्याउने अवस्थामा हुन्थ्यौं। तर ओली केवल तत्कालीन सभामुख कृष्णबहादुर महरालाई दोष लगाएर उम्किन खोजे। यसलाई न बोक्ने न छोड्ने द्वैध व्यवहार थियो उनको पनि।

झन्डै तीन वर्षदेखि एमसीसी र नेपाली राजनीतिको अवस्था उस्तै छ। त्यसयता तत्कालीन नेकपा खारेज भयो, सरकारको नेतृत्व गर्ने पार्टी र व्यक्ति बदलिए। सानोतिनो राजनीतिक उथलपुथल नै भयो तर अनिर्णयको अवस्था र हाम्रो राजनीतिको हालत भने बदलिएन। अमेरिकाले कान निमोठ्न थालेपछि चर्को राजनीतिक मूल्यमा निर्णय गर्नुपर्ने बाध्यात्मक अवस्थामा नेपाल आइपुगेको छ। हुन्छ भनौं, सत्ता गठबन्धन र कम्युनिस्ट राजनीतिमा पहिरो जाने अवस्था छ; हुन्न भनौं, नेपाल-अमेरिका सम्बन्धमा प्रतिकूल प्रभाव पर्ने निश्चित छ। अमेरिकी मन्त्रीले औंलो ठड्याएर भनिसके- यो चीनका कारण भएको मानिनेछ। हामी यसलाई अस्वीकार गरेर अमेरिकासँगको सम्बन्धलाई पन्छाउन सक्ने अवस्थामा छैनौं। त्यो बाटो उचित पनि होइन।

नेपालको ऊर्जा क्षेत्र र सडक यातायात सञ्जालको विकास, विस्तार र स्तरोन्नति गर्ने उद्देश्य राखेको यो परियोजनालाई नेपालको परराष्ट्र नीति र सम्बन्ध प्रतिकूल मान्नुपर्ने कुनै कारण छैन। यो अमेरिकी सैन्य गठबन्धनको अंग पनि होइन। कुनै पनि विदेशी सहयोग चाहे त्यो चीन, भारत, युरोप वा अमेरिका जहाँबाट आओस्, निःस्वार्थ हुँदैन। यस्तो सहयोग प्राकृतिक विपत्तिका बेला पाइने मानवीय सहयोगजस्तो पनि होइन। कि त हामीले विदेशी सहयोग नै लिनौं भन्न सक्नुपऱ्यो, अन्यथा यसका कतिपय सर्त, जुन हाम्रो नीति र प्रतिकूल हुँदैनन्, स्वीकार गर्नुपऱ्यो। चीन वा भारतले के भन्छन् भनेर एमसीसीमाथि तर्कवितर्क गर्नु ठीक होइन। कांग्रेसले गर्ने सबै कुरा भारत र अमेरिकामुखी हुने अनि कम्युनिस्टका चीनमुखी भनेर जनतामा जुन छाप हालिएको छ, त्यो अन्ततः देशकै लागि घातक सिद्ध हुँदो छ। एमसीसी विवाद त्यसको सबैभन्दा चर्को रूप हो।

प्रधानमन्त्री देउवा र प्रचण्डको त्यही चिठीका आधारमा अहिले अमेरिका सरकारले यही फागुन १६ सम्म संसद्बाट एमसीसी अनुमोदन गरिसक्नुपर्ने किटानी म्यादसहित अडान बनाएको छ। अमेरिकाले अब 'हुन्छ' वा 'हुन्न' भनेर ठोस उत्तर खोजेको छ। हुन्न भन्दा यो खारेज हुने मात्र होइन, सम्बन्धमा पुनरवलोकन हुने, प्रतिकूल प्रभाव पर्न सक्ने भनेर धम्कीसमेत दिन थालेको छ। अमेरिकाको बोली महाशक्तिराष्ट्रको दादागिरी शैलीमा प्रकट भएको छ। दक्षिण एसिया हेर्ने सहायक विदेशमन्त्री डोनाल्ड लुले फोन गरेर प्रधानमन्त्री देउवा, माओवादी अध्यक्ष प्रचण्ड र एमाले अध्यक्ष ओलीलाई पाँचबुँदे परिणामसमेत सुनाए। सिद्धान्ततः हामी यसलाई हुन्न भन्न सक्छौं, तर त्यो भन्ने छुट उनले दिएका छैनन। हामीले स्वतन्त्र निर्णय गर्ने हैसियत गुमाइरहेका छौं। अर्थात्, हामी चिनियाँ धुवमा डामिने भएका छौं।

आगामी २०७९ वैशाख ३० गते स्थानीय चुनाव गर्ने निर्णय भइसकेको छ। यो नेपालको चुनावी वर्ष पनि हो। अर्को फागुनसम्म संघीय र प्रादेशिक संसद्को समेत तीनै तहको चुनाव सम्पन्न गरिसक्नुपर्नेछ। आवधिक चुनाव मुलुकको सत्ता परिदृश्यमा परिवर्तन ल्याउने खेल पनि हो। एमसीसी अनुमोदन हुन्छ कि हुँदैन, अनिश्चित नै छ, यो सम्झौता संसद्मा निर्णयार्थ पेस हुने हो भने नेपालका कम्युनिस्ट पार्टीहरूमा ठूलै पहिरो जाने निश्चितप्रायः छ, जनता समाजवादी पार्टी पनि जोगिँदैन। सत्ता गठबन्धन होस् वा विपक्षी नेकपा एमाले, सबै भत्किने अवस्थामा पुग्नेछन। सतहमा हेर्दा यसबाट नेपाली कांग्रेसलाई पार्टीगत लाभ हुने देखिएला, तर उसले चुनावमा यसको मूल्य चुकाउनुपर्ने हुन्छ।

चीन र अमेरिकाको शक्तिद्वन्द्वमा चुनाव पनि अप्रभावित रहन सक्तैन। चुनाव परिणाम अत्यन्तै विभाजित बन्न सक्छ। केही सिटको अन्तरमा कुनै दल ठूलो त बन्न सक्ला, तर त्यसले चुनावपछिको राजनीति सम्हाल्न सक्ने अवस्था रहन्छ कि रहन्न, भन्न सकिन्न। राजनीतिक प्रणाली नै भाँचिने, भत्किने (सिस्टेमिक ब्रेकडाउन) अवस्थामा पुग्छौं कि जस्तो आशंका हुन्छ। शक्ति राष्ट्रहरूको स्वार्थमा कमजोर र साना मुलुकहरूको राजनीति सधैं नराम्रोसँग प्रभावित हुने गरेको विश्व इतिहास छ। नेपाल एउटा कठिन निर्णय गर्नुपर्ने घडीमा उभिएको छ। यसबारे केही सम्भावनातर्फ खास गरी प्रधानमन्त्री देउवा र नेपाली कांग्रेसले अलि गम्भीर भएर सोच्नु आवश्यक छ। पहिलो सम्भावना, संसद्मा यो कसरी पेस हुन्छ, सभामुखको भूमिका पनि शंकास्पद छ। दोस्रो, सत्ता गठबन्धनबाट यो अनुमोदन हुने अवस्था देखिन्न। प्रचण्डको भूमिका बीच( बीचको भए पनि संसद्मा अनुमोदनको पक्ष(विपक्षमा मतदान हुँदा उनको पार्टी एकै रहँदैन। एकीकृत समाजवादी पनि एक ठाउँमा रहँदैन। तसर्थ सत्ता गठबन्धनका भरमा प्रधानमन्त्रीले यसलाई संसद्मा लैजाने अवस्था छैन। तेस्रो सम्भावना, संसद्मा निर्णयार्थ लगेको अवस्थामा सत्ता गठबन्धन भत्काएर एमाले अनुमोदनको पक्षमा आउने सम्भावना बढी छ जसप्रति देउवा बढी आशावादी छन। तर त्यहाँ पनि फेरि चिरा पर्दैन भन्न सकिन्न। सानै भए पनि भीम रावलगायतले फ्लोरक्रस गर्ने सम्भावना छ। अनुमोदन हुने अवस्थामा देउवाको प्राथमिकता सत्ता गठबन्धनभन्दा ओलीनिकट हुने सम्भावनालाई पनि नकार्न सकिन्न। चुनावपूर्व राजनीतिक परिदृश्य नै बदलिने सम्भावना पनि छ। चौथो सम्भावना भनेको संसद्बाट अनुमोदन नहुने अवस्था हो। त्यो भनेको फेरि सरकारको, त्यसमा पनि प्रधानमन्त्री देउवाको अर्को नालायकी हो। यो संसद्मा सभामुख अग्निप्रसाद सापकोटाले एमसीसीलाई निर्णयार्थ प्रस्तुत गर्ने कुरामै शंका उठिरहेको छ। एमसीसीलाई संसद्मै नलगेर अनिर्णयमै तुह्याउने रणनीति सबै कम्युनिस्टका लागि अनुकूल हो। अलमल्याउनु एउटा कुरा हो, तर सरकारले संसद्मा लैजान प्रस्ताव गरिसकेपछि सभामुखमा त्यसलाई रोक्ने अधिकार छैन। सभामुख भएको व्यक्ति पार्टीगत प्राथमिकताको बन्दी बन्नु हुँदैन। कम्युनिस्ट पार्टीबाट आएका भए पनि भारतको लोकसभामा सभामुख सोमनाथ चटर्जीको भूमिका यहाँ स्मरणीय छ। भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) सत्ता गठबन्धनमै भए पनि तत्कालीन भारत सरकारले सन् २००८ मा अमेरिकासँग गरेको आणविक सम्झौता विरुद्ध थियो। उसले सरकारलाई दिएको समर्थन फिर्ता लियो, संसद्मा प्रधानमन्त्री मनमोहन सिंहविरुद्ध अविश्वास प्रस्ताव लग्यो। तर सभामुख चटर्जीले त्यसबारे पार्टीले दिएको निर्देशन मानेनन।

संसद्को बिजिनेस सभामुखको स्वैच्छिक तजबिज होइन, न कुनै एक पार्टीको निर्देशनको विषय नै। सरकारले राखेका प्रस्तावहरूलाई बैठकमा निर्णयार्थ राख्नु सभामुखको कर्तव्य हो। सापकोटाका पूर्ववर्ती कृष्णबहादुर महराको समयमा एमसीसीको ढिलाइमा पार्टीभित्रको खिचलो कारक थियो भने, अहिले यो कूटनीतिक चलखेलको औजार बन्दै छ। यो नेपालको खराब राजनीतिको नमुना बनेको छ। एमसीसीबारे चीनको नेपाल-कूटनीति अत्यधिक सक्रिय छ। यसबाट खास गरी नेपालको समग्र कम्युनिस्ट वृत्त प्रभावित छ; संसद्, सभामुख, राजनीतिक दल, बौद्धिक अभिमत कोही पनि अलग छैन। एमसीसी परियोजनाको वस्तुगत विवेचना गौण भएको छ, पक्ष र विपक्ष दुवैतर्फ प्रायोजित विचारहरू हावी भएका छन। नेपाल यतिखेर चीन-अमेरिका प्रभावको छाया-युद्धस्थलजस्तो देखिन थालेको छ, जनमत ध्रुवीकृत भइरहेको। यो राम्रो कुरा होइन। सभामुख यो ध्रुवीकरणबाट स्वतन्त्र रहनुपर्ने हो। यदि राजनीतिक सैद्धान्तिक आस्थाको संकट छ भने यसलाई रोक्ने होइन, नैतिक आधारमा राजीनामा गरेर अलग हुन सकिन्छ। अन्यथा, सभामुखको न्यूनतम जिम्मेवारी सदनको बैठक र निर्णय सहजीकरण गर्ने हो।

एमसीसीको राजनीतिक पक्षलाई ध्यान दिने काम सरकारको हो, राजनीतिक दलहरूको हो। अनुमोदन नहुने अवस्थामा वा भए पनि यसमा समर्थन गर्ने खास गरी कम्युनिस्ट पार्टीहरू सबै भत्किने र विभाजित हुने अवस्थामा यसलाई संसद्मा निर्णयार्थ लानु कति उचित हुन्छ, विचारणीय छ। विगत तीन वर्षमा एमसीसीलाई लिएर नेपालमा जेजस्तो राजनीति भयो, विचारहरू प्रायोजित भए, यसले यो ठूलो सहयोग राशिको परियोजना हो, यसलाई नेपालले गुमाउनु हुँदैन भन्ने कुरा गौण भइसकेको छ। यो नेपालको हितमा छैन भन्ने भ्रम व्याप्त छ। त्यही भ्रमको खेतीमा चुनाव रंगिनेछ। अमेरिका सँगको सम्बन्ध, समझदारी र कूटनीति सम्हाल्ने जिम्मेवारी सरकार प्रमुखका रूपमा प्रधानमन्त्री देउवाको हो। तर चिनियाँ कूटनीतिका कारण अरू ढिलाइ हुन लागेको भन्ने सन्देशचाहिँ प्रवाहित हुन दिनु हुँदैनरु। एमसीसी अनुमोदनलाई अमेरिका सरकारले आफ्नो प्रतिष्ठाको विषय बनाउनेतिर हामीले धकेल्नु पनि हुँदैन।

२०६३ को राजनीतिक परिवर्तनपछि नेपालमा चीनको मौन कूटनीति सकिएको छ। केही वर्षयता यो अझ दाबेदार भएको छ। भारतीय नाकाबन्दीपछि, खास गरी गत चुनावमा एमाले(माओवादी गठबन्धनले प्राप्त गरेको चुनावी सफलता र पुनर्गठित नेकपाको राजमा चीनले नेपालको राजनीतिमा देखिने जुन वर्चस्व र प्रभाव बनाएको थियो, त्यो धराशायी भयो। हुन त अहिलेको सत्ता गठबन्धन चीनविरोधी होइन, तर उसको प्रभाव किनारामा सीमित भएको छ। नेपालको वर्तमान अवस्थाप्रति ऊ खुसी छैन भन्ने संकेत प्रस्टै देखिन्छ। केरुङ र तातोपानी व्यापारिक नाकामा सामान आउजाउको कठिनाइ र प्रतिकूल व्यापार प्रवाहले त्यो पुष्टि गर्छ। विश्वराजनीतिमा अहिले चीन र संयुक्त राज्य अमेरिका शक्तिको होडबाजी र प्रभाव विस्तारको द्वन्द्वमा छन। निकट छिमेकी भन्दैमा नेपाल कसैको 'करेसाबारी' बन्न सक्तैन। चीन होस् वा अमेरिका वा भारत, कसैले पनि हामीलाई हलुकासँग लिने (टेकेन फर ग्रान्टेड) प्रवृत्ति स्वीकार्य हुन सक्तैन।

यतिखेर आएर पार लगाउनु बाहेक, यसमाथि वस्तुगत विवेचना गर्नुको कुनै अर्थ पनि छैन। शीतयुद्धकालीन प्रचारबाजीको कुहिरोबाट नेपालको राजनीति अझै मुक्त हुन सकेको छैन। नेता, कार्यकर्ताहरू यसमै अभ्यस्त छन् र रमाउँछन। आज पनि पार्टी कार्यकर्ताहरूको अभिमुखीकरण र प्रशिक्षणको पहिलो पाठ त्यही सामग्री रहेको छ। एमसीसी त्यसकै सिकार भएको हो। राजनीतिक सम्भावनाहरूको अलि ठन्डा मूल्यांकन गरेर यसलाई चुनावसम्म स्थगन गर्ने वा अमेरिकी मन्त्रीले भनेजस्तो अहिल्यै 'हुन्छ' वा 'हुन्न' भनेर राजनीतिक विभाजनमा जाने कुरालाई प्रधानमन्त्रीसहित सत्ता गठबन्धन र विपक्षी एमालेले पनि सोच्नु आवश्यक छ, तत्कालको सत्तास्वार्थलाई प्राथमिकतामा राखेर हेर्नु ठीक हुँदैन। यसलाई कूटनीतिक कुशलतासाथ प्रधानमन्त्रीले निष्टारा गर्न सक्नुपर्छ। जे हुन्छ-हुन्छ, भन्नु कुनै राजनीतिक र कूटनीतिक कौशल होइन। अर्को कुरा, भविष्यमा कुनै पनि देशसँग गरिने यस्ता सम्झौताहरूबारे पहिले नै पर्याप्त विचार गर्नुपर्छ। सम्झौता गरिसकेपछि राजनीतिक प्रचारबाजीका लागि विवाद गर्नेहरू गरिरहन्छन्, सरकार त्यसको इमानदार कार्यान्वयनमा लाग्नुपर्छ। राजनीतिमा कुनै कुरा पनि निर्विवाद हुँदैन। कान्तिपुर

**नेपालको ऊर्जा क्षेत्र र सडक यातायात सञ्जालको विकास, विस्तार र स्तरोन्नति गर्ने उद्देश्य राखेको यो परियोजनालाई नेपालको परराष्ट्र नीति र सम्बन्ध प्रतिकूल मान्नुपर्ने कुनै कारण छैन । यो अमेरिकी सैन्य गठबन्धनको अंग पनि होइन । कुनै पनि विदेशी सहयोग चाहे त्यो चीन, भारत, युरोप वा अमेरिका जहाँबाट आओस्, निःस्वार्थ हुँदैन । यस्तो सहयोग प्राकृतिक विपत्तिका बेला पाइने मानवीय सहयोगजस्तो पनि होइन । कि त हामीले विदेशी सहयोग नै लिनौं भन्न सक्नुपऱ्यो, अन्यथा यसका कतिपय सर्त, जुन हाम्रो नीति र प्रतिकूल हुँदैनन्, स्वीकार गर्नुपऱ्यो । चीन वा भारतले के भन्छन् भनेर एमसीसीमाथि तर्कवितर्क गर्नु ठीक होइन ।**

# खेलकुद

## नेपाल आयरल्यान्डसँग १६ रनले पराजित

काठमाडौं। कमजोर ब्याटिङ प्रदर्शन गरेको नेपालले चारदेशीय ट्वान्टी-२० अन्तर्राष्ट्रिय शृंखलामा सोमबार टेष्ट राष्ट्र आयरल्यान्डसँग १६ रनले




पराजित भएको छ। मस्कटको अल अमारतस्थित ओमान क्रिकेट एकेडेमी मैदानमा नेपालका कप्तान सन्दीप लामिछानेले टस जितेर पहिला फिल्डिङ गर्ने निर्णय गरेका थिए। कप्तान सन्दीपको निर्णयलाई नेपालका बलरले सही साबित गरिदिएका थिए। दीपेन्द्रसिंहले चार विकेट लिएपछि आयरल्यान्डले २० ओभरमा सबै विकेट गुमाएर १२७ रन बनाएको थियो। १२८ रनको लक्ष्य पछ्याएको नेपालले ९ विकेट गुमाएर १११ रनमात्र जोड्न सक्यो।

कसिलो बलिङ प्रदर्शन गरे पनि नेपालका कुनै पनि ब्याट्सम्यानले आयरल्यान्डका बलरसामु खुलेर खेल्न सकेनन्। ओपनर कुशल भुर्तेल पाँचौं ओभरको पहिलो बलमै १५ रन बनाएर पवेलियन फर्किए। तेस्रो नम्बरमा ब्याटिङ गर्न आएका लोकेश बम ६ रन बनाएर आउट भए।

अर्का ओपनर आसिफ शेख २३ रन बनाएर पवेलियन फर्किए। लगत्तै पूर्व कप्तान ज्ञानेन्द्र मल्ल पनि पाँच रन बनाएर आउट भए। अनुभवी ब्याट्सम्यान शरद भेषावकर एक रन बनाएर आउट भए। दीपेन्द्र सिंह ऐरीले २८ रन बनाएर आउट भए।

कुशल मल्लले ९ रन बनाए भने कमलसिंह ऐरीले १३, सन्दीपले एक रन बनाए। अविनाश बोहरा तीन र जितेन्द्र मुखिया एक रनमा अविजित रहे। आयरल्यान्डका सिमी सिंह, बारी स्याककार्थी, मार्क एडाएर र एन्डी स्याकब्रिनले समान दुई विकेट लिए भने कर्टिस चाम्फरले एक एक विकेट लिए।

## कीर्तिपुरको विजयी सुरुआत

काठमाडौं- कीर्तिपुर नगरपालिकाले लामा टेन्डी शेर्पा स्मृति खुला पुरुष तथा महिला बास्केटबल प्रतियोगिताको पुरुषमा सोमबार विजयी सुरुआत गरेको छ। त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा भएको प्रतियोगिताको उद्घाटन खेलमा कीर्तिपुरले बीएमकेलाई ९५-६९ ले पराजित गर्यो। कीर्तिपुरले चारै क्वाटरमा अग्रता लियो। कीर्तिपुरले २५-२१, २३-१८, २४-१६ र २३-१४ को अग्रता बनाउँदै विजयी सुरुआत गरेको हो। कीर्तिपुरको सहज जितमा सोमन महर्जनले २४ अंक योगदान गरे। बीएमकेका मिलन मल्ल २९ स्कोर गरेपनि जितका लागि पुगेन।

पुरुषमै सुजन महर्जनको ३१ अंक सहयोगमा ड्रिम टिमले शंकर देव क्याम्पसलाई ८३-४८ ले सहजै हरायो। शंकरदेवका राजेश ठकुरीले १६ अंक जोडे। पहिलो क्वाटरमा १५-१४ को झीनो अग्रता लिएको ड्रिम टिमले अन्तिमसम्म अग्रतालाई जोगाइ राख्यो। ड्रिम टिमले दोश्रोमा २३-१३, तेश्रोमा ३२-१२ र चौथोमा १३-९ अंक जोड्यो। नेपाल बास्केटबल संघद्वारा आयोजित प्रतियोगिताको महिलामा रोयल बास्केटबल एकेडेमीले ललितपुर हाइमाथि ४८-३९ को जित दर्ता गर्यो। पहिलो क्वाटरमा १४-१० को अग्रता बनाएको रोयल दोश्रोमा ९-९ को बराबरीमा रोकियो। तेश्रो क्वाटरमा रोयल ८-१२ ले पछि परेपछि खेल ३१-३१ को बराबरीमा पुगेको थियो। चौथो तथा अन्तिम क्वाटर रोयलले १७-८ ले आफ्नो पक्षमा पार्दै जित सुनिश्चित गर्यो।


## चेल्सीलाई पहिलोपटक क्लब विश्वकपको उपाधि

काठमाडौं। इङ्लिस प्रिमियर लिगको क्लब चेल्सीले शनिबार राति ब्राजिलियन क्लब पालमेइरसलाई २-१ ले हराउँदै फिफा क्लब विश्वकपको उपाधि जितेको छ। चेल्सीको जितमा काई हाभार्टजले ११७ औं मिनेटमा पेनाल्टीमा गरेको गोल निर्णायक बन्यो। २०२१ मा चेल्सीलाई च्याम्पियन्स




लिगको उपाधि जिताउने बेला पनि हाभार्टजले निर्णायक गोल गरेका थिए। यससँगै चेल्सीले रोमान अब्रामोभिच आएपछि सम्भावित सबै उपाधि जितेको छ। निर्धारित ९० मिनेटको समय १-१ को बराबरीमा सकिएपछि खेल थपिएको समयमा धकेलिएको थियो। आबुधाबी स्थित मोहम्मद बीन जायद रंगशालामा चेल्सीले रोमेलु लुकाकुको गोलबाट ५५औं मिनेटमा अग्रता लिएको थियो। ६४औं मिनेटमा राफायल भेइगाले पेनाल्टीमा बराबरी गोल फर्काएका थिए। पालमेइरस रक्षक लुएन गार्सियाले अन्तिम समयमा रातो कार्डको समाना गरेपछि ब्राजिलियन टोलीले दश खेलाडीमा रहेर खेलको अन्त्य गरेको थियो। चेल्सीले सेमिफाइनलमा साउदी अरेबियाको अल हिलाललाई १-० ले हराउँदै उपाधि भिड्न्त पक्का गरेको थियो। पालमेइरसले इजिप्टको अल अहलेलाई २-० ले हराउँदै फाइनलमा स्थान पक्का गरेको थियो।

# प्रेम होस त यस्तो.....



डा. अमर कार्की

केही अघि एक जोडी बा आमा एक अर्काको हात समाएर पार्कमा हिडी रहेको भेटेर मलाई रमाइलो लाग्यो । भाषा नबुझ्ने आते जातेहरुलाई हाइ, हेलो, ओला, निहाओ भन्दा भन्दा दिक्क लागेका बेला आफ्नै बोली बोल्ने मान्छे ट्वाक्काक भेटीदा देउता भेटिए जस्तै भो । धेरै बेरसम्म साह्रै आत मर्ने गरी कुरा गर्यौं हामीले । प्रेम दिवसकै आसपासमा एका बिहानै बुढा बुढी यसरी पार्कमा त्यो पनि हातमा हात राखेर मेचमा म सँगै बसेको देखेर मैले उहाँहरुको लामो प्रेम सम्बन्धलाई नकोट्याइ रहन सकिन । हसिला र फरासीला बाले हास्दै भन्नु भो भाइ यो जिबनको ७ दसक लामो सहयात्रामा हामी दुइ बीच प्रेम त सधै नै थियो नत्र त आज तिमीले हामीलाई यसरी साथमा देख्ने नै थिएनौ । जवानीमा धेरैले प्रेम गरेका हुन्छन । त्यतीबेला अङ्कुरित प्रेमलाई हुर्काइ बढाइ जिबनभर निभाउनु महान कुरा हो । त्यसलाई नै सफल प्रेम भन्छु म । हामीले त प्रेम सम्बन्धको तीन वटा अबस्था भोगिसकेका छौं । पहिलो रहरको प्रेम, दोश्रो कर र डरको प्रेम अनि भरको प्रेम ।

जब हामी पहीलो पटक एक अर्काको नाजिक भयौं हामी जवान थियौं, सपना देख्ने उमेर थियो। उनी सङ्ग बस्दाको कुरा छोड्नुस उनको ख्याल मात्र मनमा आउदा पनि मनै रोमान्चीत हुन्थ्यो। उनको रुप, बोली, गन्ध सबै मन पर्थ्यो। रीसाएको पनि मन पर्थ्यो। उनको गाली समेत सुनिरहन मन लाग्थ्यो । अरु त अरु उनको माइतीको कुकुर पनि मन पर्थ्यो। म त सपना पनि उनको खुशीकै लागि देख्थे। उनलाई मन पर्ने कुरा खाइन्थ्यो र लाइन्थ्यो । उ उनको नाकको त्यो मासको गेडा जत्रो कालो कोठीलाई म सौन्दर्यको प्रतिक मान्दथे। मेरो दारी जुङ्गाको उनी सधै तारीफ गर्थीन र कस्तो सुहाएको छ, कहीले नखौरनु है भन्थीन ।

बाको कुरा बिचैमा काटेर मैले उहाँको कुरा सुनेर मुसु हासी रहनु भएकी आमालाई सोधे हो आमा हजुरलाई नी यस्तै भाको थियो त ? आमाले अझै अली खुलेर हास्दै भन्नु भो अब त्यती बेला हामी केटी मान्छेलाई अहिले जस्तो खुलेर मन लागेका कुरा भन्न र गर्न त कहाँ पाइन्थ्यो र बाबु । आफुलाई भेट्न मन लाग्थ्यो तर अनेक बाहाना बनाउनु पर्थ्यो घरबाट निस्केर जान । बिहे पछि पनि म माइत गएको बेलामा भेट्न आउनुस है भन्थे उहाँलाई तर ससुराली धेरै जानु भन्ने चलन थियो नी त । आमाको कुरालाई बिचमा काट्दै बाले भन्नु भो कस्तो गार्हो भनेनी भेट्न मन लाग्ने तर घरमा आज मात्रै माइती गएकी श्रीमतीलाई भेट्न जान्छु भन्न पनि अप्ठेरो लाग्ने । अनी भरे अफिसको साथीकोमा काम छ ढिलो हुन्छ है भनेर म ससुराली तिर लाग्थे र अबेर घर फर्कन्थे ।

अनि आमा तीर हेर्दै बाले भन्नु भो त्यो मेरो सर्टको कुरा नी भन्देउ न ।

मैले जिग्यासु पाराले आमा तिर हेरे ।

आमाले सर्टको प्रसँग अघि बढाउदै भन्नु भो ए उहाँलाई असाध्यै सुहाउने एउटा सर्ट थियो । त्यसैले त्यो सर्ट अली पुरानो भए पनि मैले राखेको थिए । एक दिन उहाँको आमाले त्यो सर्ट हाम्रो घरमा हामीलाई काम दिदीको छोरालाई दिनु भएछ । मलाई चित्तै बुझेन अनि आर्को नयाँ सर्ट किनेर लेराएर उसलाई दिएर त्यो फिर्ता लिए । मैले हास्दै सोधे लौ के भनेर फिर्ता माग्नु भो त ? उहाँ पनि मज्जाले हास्नु भो ए हैन त्यो सर्ट त थोत्रो भैसक्यो बाबु लेउ म मेरो माइतीमा काम गर्ने केटालाई दिन्छु भनेर मागे र धोएर दराजमा राखे। अझै छ म सँग । हामी सबै हास्यौ। यस्तै हो प्रेम नै रहरमा गरीएकोले सबै कुरा एक अर्कामै समर्पीत थिए । साच्चै दिन लामो तर रात छोटो लाग्थ्यो त्यो बेलामा । सोच्थे यो संसारमा हामी बाहेक अरु कोही नभैदिए कति आनन्द हुन्थ्यो । बाले हास्दै भन्नु भो ।

अनी कहिले देखि कर र डरले माय गर्नु पर्यो त बा आमा ? मैले कुरोलाई अगाडी बढाउन इङ्गीत गरे ।


जेठो छोरो हाम्रो जिबनमा आए पछि हामीले सोच्नु पर्ने, प्रेम गर्नु पर्ने र जिम्मेवारी लिनु पर्ने कुरा थपियो। ब्यबहारले छोप्न थाल्यो। दुबै एक अर्काको लागि समय नपाएर छट्पटाए पनि म अफीसको काममा र उनी घरको काममा ब्यस्त भएको बाहना गर्न थाल्यौ। एकले अर्कालाई समय नदिएको गुनासो आउन थाल्यो। एक अर्कामा ठास्स ठुस्स भैराखे पनि यसो छोरा छोरीका आँखा छलेर हात समाउदा पनि रमाइलो लाग्थ्यो। मन सँगै भए पनि तन मिल्न नपाउदाको छटपटी चाहिँ थियो नी। कहिलेकाहीं बुडा बुडी मात्रै घर बाहिर जान पाहियो भने त्यो दिन बन्थ्यो । उनी छोरा छोरी लिएर माइती गएको शनिबार म स्वतन्त्र भएको महसुस गर्थे। न उठेर ओछ्यान मिलाउनु पर्ने, न दार्ही खौरनु पर्ने, न बेलामा खानु पर्ने ।

यस पटक बिचमै बाको कुरा काटेर आमाले भन्नु भो त्यही त पैला पैला म माइती पुग्न नपाउदै उतै पुग्ने मान्छे पछि त आज आमाले ज्वाइँलाई लेराउनु भनेको छ जाउ हिड्नुस भन्यो भने जान्न आज करेसा बारी गोड्नु छ रे।अघि पछि करेसामा टेक्ने पनि होइन फेरी । आमाको कुरा नसक्दै बा ले भन्नु भो तिमीलाई नी त माइतीमा दिदी बहिनीसित बसेर मजाले साधेको पिरो भोगटे खादै हिन्दी सिरीयल हेर्न पाउथेउ नी । त्यो त हो भनेर आमाले सही थप्नु भो । गजब थियो भन्या तेही उनको नाकको कोठीलाई म यत्रो बाख्राको बगुल्टो जत्रो देख्थे भने उनलाई मेरो यही झुसे दारी जुङ्गाले घोच्न थालेको थियो । तर दुइ दिन पछि मलाई नियास्रो लाग्न थाल्थ्यो र उनी माइतीबाट आउने बाटो हेरेर कौशिमा बस्थे। नोक झोक मिसिएको अजबको प्रेम थियो भन्दा हुन्छ। यसरी कर र डरले हाम्रो मायाको डोरोलाई थेगी राखेको थियो। कती बेला ६० कटीयो पत्तै भएन ।

छोरा छोरी ठुला भए हामीलाई मनग्गे फुर्सद मिल्न थाल्यो । साथमा घुम्ने डुल्ने र रमाइलो गर्ने समय प्रसस्त थियो । तर उमेर बढ्दै जादा हाम्रो तनको चाह पनि कम हुदै गयो । अब त रहर पनि छैन, कर र डर पनि छैन तर प्रेम चाहिँ उस्तै छ है । खाली यसको स्वरुप मात्र फेरीएको छ। अहिलेको प्रेम भरको हो बाबु । देखी हाल्यौ नी तिमीले हामी एक आर्काको हात थामेर हिडेको । युबा अबस्थामा रहर लाग्थ्यो तर दुनियाले हात समाएर हिड्न दिन्नथ्यो । त्यसपछि परीवारको जिम्मेवारी अनी खै के खै के ले नभ्याएर हो की हामीलाई नै लाज लागेर हो एकान्तमा मात्र हात समाइयो । अब अहिले दुनियाँले पनि तारीफै गर्ने आफुलाई पनि साहारा मिल्ने । अहिले न उनको रुपले मलाई लोभ्याएको छ न मेरो ज्यानले उनलाई तानेको छ । अहिले उनको नाकको त्यो कोठी छ की छैन पनि मलाई यादै हुन्न । छ न त त्यत्रै छ नी है । मेरो दारी बढेको र फुलेको पनि उनलाई खासै मतलब छैन । कहिलेकाहीं म उनलाई क्रीम पाउडर दल्नु नि । उनी पनि मलाई त्यो फुलेको कपाल रंग्याउनु नि भनि टोपल्छिन् । त्यत्ति हो । एक अर्का सँग टासीएर सुत्नु पनि छैन घुरेको सहन नसकेर छुट्टै सुत्न मन पनि छैन । तर एक अर्काको साथ चाहिँ प्यारो छ । एक क्षण यिनी कतै गइन भने मैले यसो आँखा तानेर हेर्छु । म कतै लागे भने होइन बुढा कता गयौ भनेर यिनी चिच्याउछीन । उही देबेन्द्रको गित - तिमी भयौ बुढी पिपल म त बुढो बर जिन्दगीको यस क्षणमा एक अर्काको भर-सुन्यो बस्यो ।

उहाँहरु मज्जाले हास्न थाल्नु भो । म चाहिँ हामी प्रेमको कुन चरणमा छौं त भनेर सोच्न थाले छु ।

वेस्ट पाल्म बिच, फ्लोरीडा




# एमसीसीमा राष्ट्रिय सहमति आवश्यक छ : शिक्षामन्त्री पौडेल

काठमाडौं । नेकपा (माओवादी केन्द्र) का प्रभावशाली नेता तथा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले अहिलेको पाँच दलीय गठबन्धन आगामी तीनै तहको निर्वाचनसम्म कायम रहने विश्वास दिलाएका छन् ।

शनिबार रिपोर्टर्स क्लब नेपालले आयोजना गरेको साक्षात्कारमा बोल्दै स्थानीय

तहको निर्वाचनमा सरकारमा आवद्ध दलहरुबीच चुनावी गठबन्धन हुने विश्वास दिलाए । 'माओवादी केन्द्र निर्वाचनमा प्रतिष्पर्धा गर्छ, सहमतिमै अहिलेको गठबन्धन कायम गरेर चुनावमा जाने पाँच दलीय गठबन्धनको लक्ष्य र चाहना छ।'(उनले भने,'यो



मन्त्री पौडेलले यस्तो बताएका हुन् । उनले भने,'अहिले स्थानीय तहको निर्वाचन एकै चरणमा गर्नेगरि मिति घोषणा भैसकेको छ। यो राम्रो कुरा हो । लोकतन्त्रमा निर्वाचन भनेको अनिवार्य कुरा हो, आधार हो । निर्वाचनको मिति घोषणा भएको छ, यो महत्वपूर्ण विषय हो । ०७४ सालमा स्थानीय तहको निवाृचन हुँदा तीन चरणमा भएको थियो, त्यसमा कुनलाई अन्तिम कार्यकाल मान्ने ? भन्ने कुरा थियो । यो विषय ऐन/कानूनमा लेखिएको थिएन । त्यही भएर छलफल भयो । निर्वाचन नगर्ने वा सार्ने भन्ने कुरा थिएन । मिल्छ भने तीनै तहको निर्वाचन एकै पटक गर्ने भनेर छलफल भएको थियो ।'

क्लबका सभापति ऋषि धमलाको सभापतित्वमा आयोजित साक्षात्कारमा बोल्दै उनले अहिलेकै गठबन्धनले तीनै तहको निर्वाचन सम्पन्न गर्ने दाबी गरे । उनले भने,'एक वर्षभित्र सबै तहको निर्वाचन गराएर मुलुकमा तीनै तहमा नयाँ सरकार आउँछन्, स्थानीय तहको निर्वाचन एकै चरणमा हुने घोषणा गरेको छ। स्थानीय तहको सम्पन्न भएपछि हामी प्रदेश र संघको निर्वाचनको मिति घोषणा गर्छौं । यही सरकारले सबै तहको निर्वाचन गराउँछ ।' उनले सरकारमा रहेका गठबन्धनका शक्तिहरु चुनावमा मिल्नुपर्छ । अहिले निर्वाचनमा सँगै जानेबारे गम्भीर छलफल भएको छ। हामी सँगै चुनावमा जान्छौं ।'

उनले गठबन्धन नभएपनि आफ्नो दल एक्लै भएपनि चुनावमा प्रतिष्पर्धा गर्ने बताए । यद्धपी गठबन्धनका अध्यक्षहरुमा भने अहिलेको पाँच दलीय गठबन्धनलाई चुनावसम्म लैजानुपर्छ भन्ने धारणा रहेको उनले सुनाए ।

उनले पार्टीको पदाधिकारी पनि छिट्टै चयन हुने स्पष्ट पारे । उनले भने,'पदाधिकारी टुँगो लगाउने विषय धेरै ठूलो कुरा होईन, महाधिवेशनबाट केन्द्रीय समिति चयन भैसकेको छ। अब बस्ने केन्द्रीय कमिटीले चाँडै नै पदाधिकारी चयन गर्छ । सहमति भएन भने चुनाव हुन्छ। पदाधिकारी चयनको विषयले पार्टीमा कुनै भयानक ठूलो दुर्घटना हुँदैन् । हामी एकै दिनमा यो विषय टुँगो लगाउँछौं । छिट्टै केन्द्रीय कमिटीको बैठक राख्छौं । अहिले कोभिडको पनि त्रास छ । त्यही भएर बैठक सरेको छ ।'

मन्त्री पौडेलले अमेरिकी सहयोग सम्झौता एमसीसीबारे सबै दलमा एकमतको धारणा नभएको बताए । उनले भने,'एमसीसीबारे अहिलेसम्म संस्थागत निर्णय गरेर कुनैपनि पार्टीले एकमत बनाएका छैनन् । एमसीसीबारे राष्ट्रिय सहमति बनाउनुपर्छ । अहिले यो विषयमा छलफल चलिरहेको छ ।'

उनले सरकारले सार्वनिक शिक्षालाई सबैले ग्रहण गर्ने लक्ष्य लिएर सोहीअनुसार काम गरेको सुनाए । उनले भने, 'शैक्षिक सत्र लस नगर्नेगरि एसईईको परीक्षा तालिका सार्वजनिक गरेका छौं । चुनावलगत्तै प्लस टुको परीक्षा गर्छौं । विद्यार्थीहरुलाई खोपको व्यवस्था गरेका छौं । सरकारले खोपलाई अभियानको रुपमा अघि बढाएको छ ।' विश्व स्वास्थ्य संगठनले सिफारिश गरे अनुसार ४ वर्षदेखि १२ वर्षसम्मका विद्यार्थीहरुलाई पनि छिट्टै खोप लगाउने उनको भनाई छ । त्यस्तै, उनले शिक्षक अस्पताल चितवनमा निर्माण हुने कुरा मन्त्रिपरिषद्बाट निर्णय भएको सुनाए । शिक्षक सेवा आयोगलाई क्रियाशिल बनाईएको र विभिन्न तहको लागि १८ हजार शिक्षकको नयाँ दरबन्दी सिर्जना गरेर परीक्षा तालिका सार्वजनिक गरेको पनि उनले सुनाए । उनले भने, 'शिक्षकहरुको आन्तरिक बढुवा अहिले अघि बढाएका छौं । १८ वर्षदेखि यो काम रोकिएको थियो । केन्द्रीय लाईब्रेरी जमलमा निर्माण गर्दै छौं । केशरमहलभित्र पूरातत्व प्रकृतिको पुस्ताकालय रहन्छ, उच्च शिक्षाको थुप्रै सुधारको काम गरेका छौं । त्रिविको परीक्षा प्रणालीदेखि सबै शिक्षण प्रणाली सुधार गरेका छौं ।' मन्त्री पौडेलले उच्च शिक्षा ऐन, संघीय शिक्षा ऐन, प्राविधिक शिक्षा ऐन सदनको अवस्था सहज हुनेबित्तिकै छलफलको लागि पठाउने पनि जनाए । त्यस्तै, उनले ७५३ वटै पालिकामा प्राविधिक शिक्षा पुर्याउनेगरि सरकारले काम गरिरहेको र पढ्दै कमाउँदै कार्यक्रमलाई पनि प्रभावकारी रुपमा कार्यान्वयन गराउन लागिएको बताए । उनले भने,'यसको लागि भवन बनेको ठाउँमा आईसिटी ल्याब पुर्याउने र भवन नबनेको ठाउँमा भवन बनाउने काम हुँदैछ, शिक्षा क्षेत्रमा आउने वर्षदेखि कमसेकम २० प्रतिशत बजेट पुर्याउनेगरि अघि बढेका छौं । शिक्षा, विज्ञान र प्रविधिको क्षेत्रमा भौतिक पूर्वाधार निर्माणका कामदेखि करिकुलम व्यवस्थित् गर्ने काम भएका छन् । नीतिगत कामलाई क्रमश: अघि बढाएका

बाँकी ६ पृष्ठमा

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np
का.जि.प्र.का.द.नं. ३५२/०६४-०६५
गो.हु.का. द.नं. १/२०७७/०७८


# आइएमई मोटर्सको 'गुरुजीबाट साहुजी' बनाउने योजना

नेपालका लागि अशोक लेलैण्ड कमर्सियल भेहिकल्सको एकल अधिकृत बिक्रेता आइएमई मोटर्सले 'आइएमई स्वरोजगारी अभियान' सुरु गरेको छ।

गुरुजी (सवारी चालक)हरुलाई साहुजी (सवारी धनी) बनाउने उद्देश्यका साथ कम्पनीले यो अभियान सुरु गरेको हो। यस योजना अन्तर्गत अशोक लेलैण्डका जुनसुकै लाइट कमर्शियल भेहिकल (दोस्त) सिरिजका सवारी साधन बिनाधितो ८० प्रतिशतसम्म फाइनान्स सुविधामा खरिद गर्न सकिनेछ। यी सवारी साधन खरिद गर्ने ग्राहकले तीन महिनासम्म मासिक किस्ता (इएमआई) तिर्नु नपर्ने सुविधा र आकर्षक ब्याजदरको लाभ लिन पाउने छन्।

यो योजना आफ्नो साबिक काम छोडी आफ्नै व्यवसाय सुरु गर्ने चाहना बोकेका महत्वाकांक्षी चालकहरुप्रति समर्पित छ। 'त्यसैले हामीले यसलाई 'गुरुजी बाट साहुजी' योजना भनेका छौं,' कम्पनीको विज्ञप्तिमा भनिएको छ। यो योजनाले वैदेशिक रोजगारीबाट फर्केर स्वदेशमै स्वरोजगारमूलक काम गर्न चाहनेलाई पनि राम्रो अवसर प्रदान गर्नेछ। त्यसैगरी, रोजगारी गुमाएर आफ्नै व्यवसाय सुरु गर्न खोजिरहेका र व्यवसाय विस्तार गर्ने योजनामा रहेका उद्यमीले पनि यो योजनाबाट लाभ लिन सक्छन्। नेपालमा अशोक लेलैण्डका सवारी साधनका लागि बलियो ग्राहक सेवा सञ्जाल छ। नेपालभर यसका २० भन्दा बढी आधिकारिक वर्कसपहरु छन् भने पार्टपुर्जाहरु सजिलै पाइन्छ। नयाँ योजना सार्वजनिक गर्ने क्रममा आइएमई मोटर्सका सिइओ हेमन्त पुरानिकले भने, 'यो अफर यातायात/ढुवानी व्यवसाय सुरु गरी आफ्नै उद्यमको मालिक बन्ने चाहना बोकेका सबै सवारी चालक र अरु रोजगार नभएकाको लागि सुनौलो अवसर हो। ८० प्रतिशतसम्म फाइनान्स र तीन महिनासम्मको किस्ता तिर्न नपर्नु बजारमा उपलब्धमध्येको सबैभन्दा आकर्षक अफर हो। यो उद्यमीहरुका लागि एकदम सुनौलो अबसर हो।

८० प्रतिशतसम्म फाइनान्स र तीन महिनासम्मको किस्ता तिर्न नपर्नु बजारमा उपलब्धमध्येको सबैभन्दा आकर्षक अफर हो। यो उद्यमीहरुका लागि एकदम सुनौलो अबसर हो।

यो अफर 'तपाईंको प्रगति, हाम्रो चाहना' भन्ने कथन अनुसार छ। म हरेक व्यक्तिलाई चाँडोभन्दा चाँडो यो अफरको लाभ लिन आग्रह गर्दछु। साथै यो योजना सीमित संख्याका सवारी साधनमा मात्र लागू गरिएकोले बेलैमा बुकिङ गरी यसको लाभ लिन पनि अनुरोध गर्दछु।' इच्छुक व्यक्तिले आफ्नो नजिकैको अशोक लेलैण्डका सोरुममा गएर गाडी बुकिङ गर्न सक्ने कम्पनीले जनाएको छ।




# सिप्रदीद्वारा अटो-इलेक्ट्रिसियन बन्न चाहने १० जनालाई निःशुल्क तालिम

काठमाडौं। सिप्रदी ट्रेडिङ प्रालिले पाँचौं समूहका लागि सञ्चालन गरेको ६ महिने निःशुल्क अटो-इलेक्ट्रिसियन तालिम सम्पन्न भएको छ। सिप्रदीले सामाजिक उत्तरदायित्व विङ सिप्रदीयन सहायता संस्थाको सहकार्यमा तालिम सञ्चालन गरेको हो। तालिममा सहभागी उत्कृष्ट प्रशिक्षार्थीहरुलाई कम्पनीका प्रमुख कार्यकारी अध्यक्ष राजनबाबु श्रेष्ठ र प्रमुख सञ्चालन अधिकृत राजेशप्रसाद गिरीले प्रमाण पत्र र पुरस्कार प्रदान गरेका थिए। तालिममा सहभागी प्रशिक्षार्थीहरुलाई बधाई दिँदै प्रमुख कार्यकारी अध्यक्ष श्रेष्ठले अटोमोबाइल क्षेत्रमा द्रुत गतिमा नयाँ प्रविधिको प्रवेश हुन गइरहेको अवस्थामा अटोइलेक्ट्रिसियनका लागि रोजगारको उत्कृष्ट अवसरहरु रहेको बताएका थिए। कम्पनीका अनुसार १० जना प्रशिक्षार्थीहरुले सिप्रदीको नेपालभर रहेका वर्कशपहरुमा रोजगारीको अवसर प्राप्त गरेका छन्।




# 'भ्यालेन्टाइन डे'को अवसरमा टिभिएसको स्कुटरमा नयाँ योजना

टिभिएस स्कूटर र मोटरसाइकलको नेपालका लागि आधिकारिक वितरक जगदम्बा मोटर्सले 'भ्यालेन्टाइन डे'को अवसर पारेर आफ्नो सम्पूर्ण टिभिएका स्कुटरहरुमा 'कनेक्ट टु लभ' योजना ल्याएको छ।

जगदम्बा मोटर्सले जुपिटर क्लासिक, वेगो एफआइ लगायत नेपालमा सबैभन्दा बढी रुचाइएको स्मार्ट स्पोर्टी स्कुटर एन्टर्क बिकी वितरण गर्दै आइरहेको छ। स्मार्ट कनेक्टयुक्त एन्टर्क नेपालमा सबैभन्दा बढी बिक्री हुने प्रिमियम स्कुटर हो।

यस योजनाको थिम 'लभ इज जस्ट अ कल अब' रहेको छ। यस योजना अन्तर्गत उपभोक्ताहरुले कुनै पनि मोडलको नयाँ टिभिएस स्कुटर किन्दा ६००० रुपैयाँसम्मको स्यूरसट नगद छुटका साथै हरेक दिन लक्की ड्रमार्फत् एउटा रियलमी स्मार्ट फोन जित्न सक्ने मौका पाउनेछन्।

लक्की ड्र हरेक दिन जगदम्बा मोटर्सको आधिकारिक फेसबुक पेजमार्फत् हुनेछ। यस योजना अन्तर्गत ग्राहकहरुले ४० प्रतिशतले डाउन पेमेन्ट गरेर शून्य प्रतिशत ब्याजदर मा स्कुटर खरिद गर्नसक्ने कम्पनीले जनाएको छ। यो योजना माघ २५ गतेदेखि फाल्गुन ६ गतेसम्म लागु हुनेछ।




## कोभिड संक्रमण भई घरमै बस्दा ध्यान दिनुपर्ने कुराहरु

- पर्याप्त हावा ओहोरदोहोर गर्ने अलग्गै कोठाको प्रयोग गरौं।
- अरु व्यक्तिसँग भेटघाट नगरौं, भेटघाट गर्ने परेमा कम्तिमा २ मिटरको दूरी राखौं र मास्कको अनिवार्य प्रयोग गरौं।
- घरका अन्य सदस्यहरुले सम्भव भएसम्म अलग्गै शौचालय तथा बाथरुमको प्रयोग गरौं।
- क्वारेन्टाईनमा बसेको व्यक्तिले प्रयोगगरेको मास्क तथा पन्जा जथाभावी नफालौं र सुरक्षित स्थानमा नष्ट गरौं।
- अलग भाडाकुँडा प्रयोग गरौं।
- समय समयमा साबुन पानीले कम्तिमा २० सेकेण्ड मिचिमिचि हात धुने अथवा सेनेटाईजर प्रयोग गरौं।
- प्रयोग गरिएका सामग्रीहरु साबुन पानीले धोई सम्भव भएसम्म घाममा सुकाऔं।
- खोक्दा वा हाच्छिउँ गर्दा मुख र नाक रुमाल वा कुहिनाले छोपौं।
- ज्वरो, खोकी, स्वास प्रस्वासमा समस्या, घाँटी दुख्ने जस्ता समस्या देखापरेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६, ९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस